# अध्याय एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

भाषा मानवीय विचार विनियमको साधन हो । मानिसले आफ्ना मनमा लागेका कुरा भाषाद्वारा अभिव्यक्त गर्दछ । विचार विनिमयको रूपमा रहेका भाषालाई व्यक्तिले घरपरिवार र समाजबाट प्राप्त गर्दछ । नेपालका सन्दर्भमा नेपालको राष्ट्र भाषाको मान्यता पाएको नेपाली भाषाले नेपालको संस्कृति, सामाजिक तथा शैक्षिक मूल्यहरुको वहन गर्दै राष्ट्रिय एकता र सार्वभौमिकतालाई समेत सम्बृद्ध बनाएको छ । यो भाषा प्राचीन कालदेखि नै कथ्य र लेख्य रूपमा विकसित भएको पाइन्छ । भाषाका चार सिपमध्ये लेखाइ सिप प्रमुख सिप हो । भाषा शिक्षणका क्रममा लेखन सिपको अत्यन्त महत्त्व रहने भएकाले अनुच्छेद लेखनमा यसको महत्त्वपूर्ण भूमिका रहने गर्दछ ।

भाषा शिक्षणका क्रममा विद्यालय तहदेखि नै अनुच्छेद लेखन क्रियाकलापलाई समावेश गरिएको छ । अनुच्छेद लेखन कार्य कुनै पनि शीर्षकका बारेमा सिर्जनात्मक तरिकाले गरिने लिखित अभिव्यक्ति हो । अनुच्छेद वाक्य भन्दा माथिल्लो भाषिक एकाइ हो । यसमा कुनै एउटा विषय वस्तु वा शीर्षकमा केन्द्रित भएका एक अर्कोसँग सम्बन्धित वाक्यहरुको खँदिलो विन्यास नै अनुच्छेद हो । अनुच्छेद एक भन्दा बढी वाक्यमा लेखिने लघुत्तम अभिव्यक्ति हो । यो एक अनुच्छेदमा लेखिन्छ । एउटै अनुच्छेद भित्र अग्र, मध्य र अन्त्य भाग हुनु यसको विशेषता हो, अनुच्छेदको सुरुको भाग परिचयात्मक हुन्छ । बिचका वाक्यहरु विस्तारित हुन्छन् । अन्त्यका वाक्यहरु उपसंहारात्मक हुन्छन् । एकभन्दा बढी वाक्यहरुको समुहबाट केही कुरा व्यक्त गरिएको आलेख अनुच्छेद हो । यो आलेखको सबैभन्दा तल्लो कोटी वा अभिव्यक्ति खण्ड हो । यसर्थ कुनै लेख वा प्रबन्धका बुँदाहरुमध्ये कुनै एकलाई प्रतिनिधित्व गर्दछ । शर्मा र पौडेल (२०६८) का अनुसार भावको स्वतन्त्र रूपमा संक्षिप्त विस्तार गर्नु अनुच्छेद लेखन हो ।

अनुच्छेदमा विभिन्न वाक्यहरु सङ्गठित रूपमा रहेका हुन्छन् । यसमा एकभन्दा बढी वाक्यहरुको विस्तारको सङ्केत पहिलो पङ्क्तिमा छाडिने खाली ठाउँले गर्दछ । कुनै पनि विषयमा रहेर अनुच्छेद लेखन गर्दा वाक्यहरुलाई क्रमबद्ध रूपमा लेखिन्छ । त्यसैले अनुच्छेद

लेखनमा वाक्यहरुको क्रमबद्धता हुन्छ । विचारलाई सरल र सहज तरिकाले प्रकट गर्ने माध्यम अनुच्छेद हो । यसले वाक्य विस्तारको जग निर्माण तथा ऊर्जा प्रदान गर्न सहयोगीको रूपमा काम गर्दछ ।

अनुच्छेद कम भन्दा कम वाक्य समूहबाट व्यक्त गरिएको आलेख हो । यसलाई कुनै खास विचारको अभिव्यक्ति खण्ड पनि भनिन्छ । अनुच्छेदमा सामान्यतः मिल्दा जुल्दा वाक्यहरुको समूह रहन्छ जसमा प्रयोग गरिएका वाक्यहरुमा कुनै खास मुख्य विचार, दृष्टिकोण प्रस्तुत भएको हुन्छ । यस्तो दृष्टिकोण प्रस्तुत गर्ने क्रममा वाक्यहरुका बिच उपर्युक्त किसिमको विन्यास हुन्छ । एक अर्को वाक्यका बिचमा तार्किक सम्बन्ध हुन्छ । एक वाक्यसँग अर्को  वाक्य उनिदै-बुनिँदै र अन्तरसम्बन्धित हुँदै अभिभाज्य रूपमा व्यवस्थित भएका हुन्छन् । विषय क्षेत्रका दृष्टिले अनुच्छेद विविध प्रकारका हुन सक्छन् आख्यानात्मक, वर्णनात्मक, संवादात्मक, तुलनात्मक, व्यतिरेकी आदि । यी सबै अनुच्छेदमा एक अर्को वाक्यका बिचमा तर्कपूर्ण ढङ्गले अन्तः सम्बन्ध स्थापित भएको पाइन्छ । भाषा वैज्ञानिक दृष्टिमा अनुच्छेदमा रहने यस प्रकारको तर्कपूर्ण अन्तर्सम्बन्धलाई संसक्ति भनिन्छ । अनुच्छेदभित्र अन्तर्सम्बन्धित र तार्किक रूपमा संयोजित भएका अनुच्छेदहरु बिचको आपसी शृङ्खलाबाट समात सङ्कथनका बिच पनि तार्किक एकत्व जोडिन पुग्छ । अनुच्छेदमा अभिव्यक्तिगत प्रवाह हुनु आवश्यक छ । त्यो प्रवाहसँगै सूचना सम्प्रेषण प्राप्त हुन्छ । अनुच्छेदमा रहने यस प्रकारको संसक्तिले पाठकलाई लेखकको विचारको नजिक पुऱ्याउँछ र उसको दृष्टिकोण ग्रहण गर्न सहज बनाउँछ । अनुच्छेदभित्र आदि, मध्य र अन्त्य गरी तिन किसिमका संरचना देखिन्छन् (भण्डारी, २०७४ : १६) । अनुच्छेदमा अभिव्यक्तिगत प्रवाह हुनु आवश्यक छ ।

निरन्तर अभ्यासबाट लेखन कलामा स्तरीयता र शुद्धता ल्याउन अनुच्छेद लेखन गराउनु पर्दछ । विद्यार्थीहरुमा मौलिक क्षमता तथा सिर्जनात्मक क्षमता विकासमा सहयोग गर्दछ । यसले व्याकरणात्मक र वर्ण विन्यासगत त्रुटिहरु निराकरणमा सहयोग पुऱ्याउनका साथै साहित्यका विविध विधाहरुको लेखनमा उपयोगी आधार प्रदान गर्दछ ।

अनुच्छेदको आकार प्रकार विद्यार्थीको अनुभव सङ्गठन गर्ने क्षमतासँग सम्बन्धित हुन्छ । विद्यार्थीहरुले अनुच्छेद लेखन कार्यमा के कति दक्षता हासिल गरेका छन् र आफ्ना विचारलाई भाषिक शुद्धता, क्रमबद्धता र मौलिकतालाई जाँच्नका लागि पनि अनुच्छेद

लेखनले महत्त्वपूर्ण सहयोग गर्दछ । अनुच्छेद लेखनमा मूलतः शीर्षकलाई विस्तार गरिन्छ । यो सङ्क्षिप्त विस्तार हो । खासमा अनुच्छेद लेखन तल्लो तहभन्दा माथिल्लो तहमा बढी हुन्छ । अभिव्यक्तिगत सङ्क्षिप्त गहनता नै यसको विशेषता हो । अतः अनुच्छेद लेखन कार्य तल्लो तहदेखि माथिल्लो तह सम्मका लागि महत्त्वपूर्ण मानिन्छ । एक भन्दा कम वाक्यहरुका समुहबाट केही कुरा व्यक्त गरिएको आलेख अनुच्छेद हो । यो आलेखको सबैभन्दा तल्लो कोटी वा अभिव्यक्ति खण्ड हो । यसले कुनै प्रबन्धका बुँदाहरु मध्ये कुनै एकलाई प्रतिनिधित्व गर्दछ ।

## १.२ समस्या कथन

अनुसन्धान कार्यका सिलसिलामा समस्या भन्नाले अध्ययनको विषय वस्तु भन्ने बुझ्नु पर्दछ । अनुच्छेद लेखन कला लेखन क्षमताको महत्त्वपूर्ण आधार हो । अनुच्छेद लेखनले निम्नदेखि उच्च तहका विद्यार्थीहरुको लेखन सिप एवम् भाषिक प्रयोगको वास्तविकता प्रस्तुत गर्दछ । अनुच्छेद लेखन कार्य कुनै पनि शीर्षकका बारेमा सिर्जनात्मक तरिकाले गरिने अभिव्यक्ति हो । यो दुई भन्दा बढी वाक्यहरु संयोजित भई बनेको सङ्क्षिप्त संरचनात्मक भाषिक एकाइ हो । यसको प्रमुख विशेषता भन्नु नै अभिव्यक्तिगत सङ्क्षिप्तता र गहनता हो । यसले भाषामा स्तरीयता र शुद्धता ल्याउन सहयोग गर्दछ । बझाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन शीर्षकमा केन्द्रित रहेर यो अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनका समस्याहरु निम्नानुसार उल्लेख गरिएको छ :

क) बझाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता कस्तो छ ?

ख) विद्यालय प्रकृति र लैङ्गिकताका आधारमा उक्त कक्षाका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनका उद्देश्यलाई निम्नानुसार उल्लेख गरिएको छ :

क) बझाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता पहिल्याउनु ।

ख) विद्यालय प्रकृति र लैङ्गिकताका आधारमा अनुच्छेद लेखन क्षमताको तुलनात्मक विश्लेषण गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता

कुनै पनि व्यक्तिले आफ्नो कुरा कसरी अभिव्यक्त गर्दछ भन्ने कुरा लेखाइ परीक्षणबाट थाहा हुन्छ । यस अध्ययनले अनुच्छेद लेखन क्षमता कस्तो रहेको छ भन्ने कुरा पत्ता लगाउन सकिन्छ । यस अध्ययनले कक्षा सातमा पढ्ने विद्यार्थीको अनुच्छेद लेखन क्षमताको अध्ययन गरी सोही अनुसार कार्यकलाप सञ्चालन गर्न सहयोग र सूचना दिने छ । यस अध्ययनले बझाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको लेखन क्षमताको पहिचान गरी निराकरणका उपायहरु प्रस्तुत गरेकाले यो अध्ययन सम्बन्धित व्यक्ति तथा निकायका लागि मार्ग दर्शक बनेको छ । अनुच्छेद लेखनका बारेमा त्यति धेरै अध्ययन अनुसन्धान भएको पाइँदैन । अतः अध्ययनीय शीर्षकको सान्दर्भिकता स्पष्ट छ । यो अध्ययन पाठ्यक्रम, पाठ्य सामग्री निर्माण प्रक्रिया र पद्धतिलाई समय सापेक्ष परिमार्जित गर्दै लैजाने तथा भाषिक क्षमता सम्बन्धी अनुसन्धान गर्न चाहने अध्येयताहरुलाई विशेष सहयोगी हुनेछ यस अध्ययनका सान्दर्भिकता निम्नानुसार बुँदाद्वारा प्रस्ट पारिएको छ :

क) भाषिक शुद्धता कायम गर्नका लागि यो सहयोगी भएको छ ।

ख) लैङ्गिकताका आधारमा अनुच्छेद लेखन क्षमताको विश्लेषण गर्न सहयोगी भएको छ ।

ग) विद्यार्थीको भाषिक अभिव्यक्ति क्षमताको परीक्षण गर्न सहयोग पुऱ्याएको छ ।

घ) भाषिक सिप सम्बन्धी अध्ययन गर्न चाहने अध्यतालाई आधार प्रदान गर्ने हुनाले यो सान्दर्भिक भएको छ ।

## १.५ अध्ययनको रूपरेखा

शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित बनाउका लागि विभिन्न अध्ययन र त्यस अन्तर्गत शीर्षक र उपशीर्षक दिएर शोधपत्रको रूपरेखा निर्माण गर्न सकिन्छ । प्रस्तुत शोधको रूपरेखा निम्नानुसार रहेका छन् :

### अध्याय एक : शोध परिचय

प्रस्तुत अध्ययनको अध्याय एक शोध परिचय खण्डमा अध्ययनको पृष्ठभूमि, समस्या कथन, शोधकार्यको उद्देश्य, अध्ययनको सान्दर्भिकता र अध्ययनको रूपरेखा रहेका छन् ।

**अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा**

प्रस्तुत अध्ययनको अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप मूल शीर्षक रहेको छ । जस अन्तर्गत पूर्वकार्यको पुनरावलोकन, अनुच्छेद लेखनको सैद्धान्तिक अवधारणा, अनुच्छेद लेखनको ढाँचा, अनुच्छेदका प्रकार, अनुच्छेद लेखनको प्रयोजन, अनुच्छेद लेखनका तरिका, अनुच्छेद लेखनको विधि र प्रक्रिया, अनुच्छेद लेख्दा ध्यान दिनु पर्ने कुराहरु रहेका छन् ।

**अध्याय तिन : अध्ययन विधि र प्रक्रिया**

प्रस्तुत अध्ययनको अध्याय तिन खण्डमा अध्ययनको ढाँचा, जनसङ्ख्या र नमुना छनोट, सामग्री निर्माण, तथ्याङ्क सङ्कलन प्रक्रिया र व्याख्या विश्लेषण रहेका छन् ।

**अध्याय चार : समग्र विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता**

यस अध्यायमा कक्षा सातमा अध्ययनरत समग्र विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको व्याख्या तथा विश्लेषण रहेको छ ।

**अध्याय पाँच : विद्यालयका प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलना**

यस अध्यायमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको व्याख्या तथा विश्लेषण रहेको छ ।

**अध्याय छ : लैङ्गिकताका आधारमा छात्र र छात्राको अनुच्छेद लेखन क्षमताको तुलना**

यस अध्यायमा लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको व्याख्या तथा विश्लेषण रहेको छ ।

**अध्याय सात : सारांश, निष्कर्ष तथा उपादेयता**

प्रस्तुत अध्ययनको अध्याय सातमा सारांश, निष्कर्ष र उपादेयता रहेका छन् ।

सन्दर्भ सामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

## अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ सम्बद्ध कार्यको पुनरावलोकन

अनुसन्धान गर्नु भन्दा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ, अनुसन्धान, पत्र पत्रिका, तथा अन्य श्रव्य दृश्य सामग्री पढेर, सुनेर, अध्ययन मनन गरेर र तिनको संक्षिप्त टिप्पणी मूलक समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको समीक्षाको त्यस विषयमा त्यस बेलासम्म भएका यावत् कृति तथा अनुसन्धानहरुको सम्यक् जानकारी दिन्छ जसले गर्दा अनुसन्धानकर्तालाई आफ्नो गन्तव्य पहिचान गर्न सहज र सरल हुन्छ । अनुसन्धानमा पूर्वकार्यको समीक्षा प्रारम्भ भए देखि पूर्ण नभएसम्म निरन्तर गरिरहनु पर्ने कार्य हो ।

यस कार्यले विगतमा भइसकेका र हुन नसकेका विषयमा सूचना पाइने हुनाले यसको अध्ययन र समीक्षा आवश्यक छ ।

समीक्षा गर्नुपर्ने सामग्री विविध प्रकारका हुन्छन् । पहिलेका कार्यबाट कमीकमजोरी नदोहोरिने गरी ती कार्यबाट प्रेरणा लिएर शोध तयार पारिन्छ । पूर्वकार्यहरु शोधको आधार बन्न जान्छन् । यहाँ विभिन्न विद्वान्हरुद्वारा विद्यार्थीको लेखन क्षमता सम्बन्धी अध्ययन अनुसन्धान भएको पाइन्छ । यस पूर्व गरिएका शोध तथा अनुसन्धानलाई निम्नानुसार समीक्षा गरिएको छ :

### २.१.१ पुस्तक सम्बद्ध कार्यको पुनरावलोकन

कुनै शीर्षकमा निहित भावको स्वतन्त्र रूपमा सङ्क्षिप्त विस्तार गर्नु नै अनुच्छेद लेखन हो । विभिन्न विद्वानहरुले अनुच्छेदका बारेमा उल्लेख गरेका विचारहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :

अधिकारी (२०५०) द्वारा भाषा शिक्षणका विविध पक्षको चर्चा गर्ने क्रममा लेखाइ शिक्षण पनि समावेश गरिएको छ । यसमा लेखाइ शिक्षण सम्बन्धी क्रियाकलापहरु लेखाइको शुद्धीकरण आभ्यासिक निर्देशित र स्वतन्त्र तथा सिर्जनात्मक लेखन शिक्षणका बारेमा चर्चा गरिएको पाइन्छ ।

शर्मा (२०५३) द्वारा पनि अनुच्छेदलाई अभिव्यक्तिको माध्यम मानी अभिव्यक्तिको संयमित उडानको कला मानेर कुनै शीर्षक र विषयलाई सु-सम्बद्ध वाक्यको रचना गर्नु

अनुच्छेद लेखन हो भन्ने कुरा यसमा उल्लेख गरिएको छ । यस पुस्तकबाट अनुच्छेद लेखन गर्दा कुनै पनि विषय वा शीर्षकलाई विस्तार गर्दा जसमा वाक्य रचनालाई क्रमबद्ध रूपमा राख्नुपर्ने कुराको जानकारी प्राप्त गर्न सकिन्छ ।

लामिछाने (२०६२) द्वारा लेखाइ शिक्षण तथा यसको आवश्यकता र क्रियाकलापको चर्चा गरिएको छ । यसमा लेखाइ शिक्षणका विविध क्रियाकलापमा अनुच्छेद लेखन लगायत अन्य क्रियाकलापको चर्चा गरिएको पाइन्छ । वाक्यहरु सङ्गठित भएका हुन्छन् । यसबाट लेख्य क्षमता बुझ्न सजिलो पर्ने भएकाले अनुच्छेद लेखन क्रियाकलाप गराउनु हरेक दृष्टिकोणबाट फाइदा जनक हुने कुराको चर्चा यस पुस्तकमा गरिएको पाइन्छ ।

ढकाल (२०६७) द्वारा लिखित अभिव्यक्ति शिक्षणका क्रियाकलाप अन्तर्गत अनुच्छेद लेखनलाई पनि समेटिएका छन् । यस पुस्तकमा अनुच्छेद लेखनको पूर्वाधार तयार पार्ने कुराको चर्चा गरिएको छ । यो शीर्षक लेखाइ शिक्षणसँग सम्बन्धित भएकाले यसमा अनुच्छेद लेखन गर्दा अपनाउनुपर्ने पूर्वाधार तयार कसरी गर्ने भन्ने कुराको जानकारी यसबाट प्राप्त गर्न सकिन्छ ।

शर्मा र पौडेल (२०७०) द्वारा कुनै शीर्षकमा निहित भावलाई स्वतन्त्र रूपमा संक्षिप्त विस्तार गर्नु अनुच्छेद लेखन हो भनिएको छ । यसलाई लेखन कलाको महत्त्वपूर्ण कार्यकलाप मान्न सकिन्छ । यसको आकार प्रकार विद्यार्थीको अनुभव सङ्गठन गर्ने क्षमतासँग सम्बन्धित हुन्छ । अभिव्यक्तिगत सङ्क्षिप्तता र गहनता नै यसको विशेषता हो । यसरी अनुच्छेद लेखनमा विभिन्न किसिमका शिक्षण तरिकाको अभ्यास गराई थप अभ्यासका लागि गृहकार्य दिनुपर्छ भन्ने राय सुझाब पाउन सकिन्छ ।

### २.१.२ शोधपत्र सम्बद्ध कार्यको पुनरावलोकन

शोधपत्र सम्बद्ध कार्यको पुनरावलोकन यस प्रकार उल्लेख गरिएको छ :

बराल (२०६४) द्वारा 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको आधारमा वर्णविन्यास क्षमताको अध्ययन' गरिएको पाइन्छ । सिपगत आधारमा अनुच्छेद लेखनमा गर्ने त्रुटिको पहिचान, सिर्जनात्मक क्षमताका आधारमा मौलिकता पहिचान, भाषिक, पृष्ठभूमिका आधारमा नेपाली मातृभाषा वा विमातृ भाषी एवम् छात्र र छात्रा बिच वर्ण विन्यासका आधारमा अनुच्छेद लेखनको स्थिति, कमजोरी सुधारका लागि सुझाब पेस गर्नु रहेको छ ।

अधिकारी (२०६६) द्वारा 'कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन' गरिएको छ । यस शोधपत्रमा सामुदायिक र संस्थागत विद्यालयमा तुलना गर्दा संस्थागत बढी क्षमता र सामुदायिक कम क्षमता भएको पाइएको छ । त्यसैले सीमित पाठ्य पुस्तकको मात्र ज्ञान नगरी अन्य समसामयिक शीर्षक राखेर अनुच्छेद लेखन गरियो भने लेखन कलालाई प्रभावकारी बनाउन सकिन्छ भन्ने कुरा यस शोधपत्रमा औंल्याइएको छ । यसमा उक्त अनुसन्धानबाट भेटिएका कमिकमजोरीको निराकरण गर्न आवश्यक सुझाब दिएको पाइन्छ ।

तिम्सिना (२०६७) द्वारा 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन' गरिएको पाइन्छ । उक्त शोधका उद्देश्यहरुमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, लैङ्गिक तथा जातीय आधारमा अनुच्छेद लेखन क्षमताको स्थिति पत्ता लगाउनु र वर्ण विन्यासगत गल्तीहरु पहिल्याउनु रहेको पाइन्छ । उक्त शोधको अध्ययनबाट संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरुको लेखाइ सिप कमजोर रहनुका साथै छात्रहरु भन्दा छात्राहरुको लेखन क्षमता उच्च रहेको पाइयो । उक्त शोधमा विद्यार्थीहरुको कमी कमजोरीहरुको अध्ययन विश्लेषण गरी कमजोर विद्यार्थीहरुको लेखन क्षमता सुधारका लागि आवश्यक सुझाव दिएको पाइयो ।

भण्डारी (२०६७) द्वारा 'उच्च मावि तह कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन' गरेको पाइन्छ । उक्त शोधको उद्देश्यहरु विद्यार्थीको अनुच्छेद लेखन क्षमताको अध्ययन गर्नु, सम्बन्धित विद्यार्थीहरुको अनुच्छेद लेखन सिप सम्बन्धी विषय वस्तुको संयोजन, मौलिकता प्रस्तुतीकरण तथा भाषिक शुद्धता जस्ता पक्षमा केन्द्रित रहेर भाषिक पृष्ठभूमिको अध्ययन गर्नु, लैङ्गिकताका आधारमा तुलनात्मक अध्ययन गर्नु रहेको पाइन्छ । यस अध्ययनबाट विद्यार्थीहरुको अनुच्छेद लेखनमा मौलिकताको आभाष प्रयाप्त मात्रामा पाइए तापनि भाषिक शुद्धतामा भने कमी नै देखिएको पाइन्छ । समग्रमा भन्नुपर्दा विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता मध्यम स्तरको रहेको पाइन्छ । यसका साथै उक्त अध्ययनबाट विद्यार्थीहरुको समस्या पत्ता लगाई आवश्यक सझुाब पनि दिएको पाइन्छ ।

काफ्ले (२०६८) द्वारा 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन' गरिएको पाइन्छ । शोधपत्रमा लिखित अभिव्यक्तिको क्रममा भाषिक

चिह्न प्रयोग सम्बन्धी पूर्ण विराम, अल्प विराम, पदयोग, पद वियोग तथा विभक्ति सम्बन्धी त्रुटिहरुका पहिचान गर्ने तथा शब्द आवृत्ति गणना गरी सिर्जनात्मकता र मौलिकता पत्ता लगाउने उद्देश्यले शोधपत्र तयार गरिएको पाइन्छ । उक्त अध्ययनमा चिह्न प्रयोगको स्थिति हेर्दा ७६.४६ प्रतिशत अङ्क देखिनुले विद्यार्थीहरुमा विराम चिह्न र वर्ण विन्यास शब्द भण्डार क्षमतामा कमजोर रहेको कुराको उल्लेख गरेको पाइन्छ ।

श्रेष्ठ (२०६९) द्वारा 'कक्षा दसमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन' गरिएको पाइन्छ । उक्त शोधका उद्देश्यहरु सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको वैचारिक सङ्गठन अभिव्यक्ति र शृङ्खलाको प्रस्तुति र अनुभव सङ्गठन गर्ने क्षमता पत्ता लगाउनु, अनुच्छेद लेखनमा दिने शीर्षक विस्तारमा पाइने कमजोरी पत्ता लगाउनु रहेको पाइन्छ । यसका साथै विद्यार्थीको अनुच्छेद लेखनमा पाइने कमजोरी सुधार गरी पृष्ठ पोषण प्रदान गर्नु पनि रहेको छ । उक्त अध्ययनबाट छात्राहरुको तुलनामा छात्राहरुको लेखन स्थिति सन्तोषजनक छैन । त्यस्तै सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरुको वैचारिक सङ्गठन अभिव्यक्ति कमजोर रहेको देखिन्छ । उक्त अध्ययन पश्चात् सम्पूर्ण विद्यार्थीहरुलाई अनुच्छेद लेखनमा पाइएका कमीकमजोरी सुधारका लागि आवश्यक पृष्ठपोषण प्रदान गरिएको पाइन्छ ।

थापा (२०७०) द्वारा 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन' गरिएको पाइन्छ । उक्त अध्ययनमा सुर्खेत जिल्लाका दुई गा.वि.स. र एक नगर पालिकाका छ वटा विद्यालयका ६० जना विद्यार्थीहरुलाई प्रतिनिधिका रूपमा लिइएको छ । विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको आधारमा भाषिक पृष्ठभूमि, लैङ्गिकता, सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेद लेखन क्षमताको आधारमा तुलनात्मक अध्ययन गरिएको पाइन्छ । जस अनुसार विद्यार्थीको प्रतिशताङ्क ५१.९१ रहेको पाइन्छ । विद्यार्थीहरुमा गरिएका अध्ययन, व्याख्या विश्लेषण र तथ्याङ्कीय आधारमा हेर्दा निष्कर्ष मध्यम खालको पाइन्छ ।

शर्मा (२०७१) द्वारा 'कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन' गरिएको पाइन्छ । उक्त शोधका उद्देश्यहरु पर्वत जिल्ला कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता पत्ता लगाउनु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु र पहिलो भाषी र दोस्रो

भाषी विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलनात्मक भिन्नता गर्नु रहेको पाइन्छ । उक्त शोधमा समग्र विद्यार्थीको अनुच्छेद लेखन क्षमता सामान्य रहेको देखिन्छ । त्यस्तै संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालय नै अगाडि देखिन्छ । यसका साथै अनुच्छेद लेखनमा भेटिएका कमजोरीहरु पत्ता लगाई यसो सुधारका लागि आवश्यक पृष्ठ पोषण प्रदान गरिएको पाइन्छ ।

पाण्डे (२०७३) द्वारा 'कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन' गरिएको पाइन्छ । उक्त अध्ययनमा काठमाडौँ उपत्यकाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरुलाई नमुनाका रूपमा छनोट गरी अध्ययन गरिएको छ । जसमा विद्यार्थीहरुको लेखन क्षमता नेपाली भाषी र दोस्रो भाषी विद्यार्थीको लेखन क्षमता र लैङ्गिक आधारमा छात्र र छात्राको लेखन क्षमताको अध्ययन गरिएको छ । यसका लागि विभिन्न शीर्षकमा अनुच्छेद लेखन कार्य गराइएको पाइन्छ । जसबाट अनुच्छेद लेखन क्षमताको अध्ययन गर्दा नतिजा मध्यम खालको देखिएको छ । विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन, विषय वस्तु, संरचना, भाषाशैली र वर्ण विन्यासका आधारमा अध्ययन गरिएको छ । समग्रमा भन्नुपर्दा विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको स्थिति सन्तोष जनक छैन । यसका लागि शिक्षक तथा विद्यार्थी दुवै पक्षले मिहिनेत गर्नुपर्ने देखिन्छ ।

## २.२ पूर्वकार्यको पुनरावलोकनको महत्त्व

कुनै पनि शोध कार्य सम्पन्न गर्न सम्बन्धित क्षेत्रमा भएका विवभिन्न पूर्वकार्यको अध्ययन गर्नु आवश्यक हुन्छ । कुनै पनि कामको आधार विगत हो । त्यसैलाई आधार मानेर वर्तमानमा निर्देशन गरी आफ्नो गन्तव्यमा  पुग्न सकिने हुँदा जुनसुकै शोधकार्यको लागि पूर्व अध्ययनको सिंहावलोकन गर्न महत्त्वपूर्ण मानिन्छ । अनुसन्धान गर्न लागिएका क्षेत्रमा के कस्ता अनुसन्धानहरु भए, अनुसन्धानबाट के-कस्ता निष्कर्ष निकालिएका छन्, के-कस्ता विधिको प्रयोग गरिएको छ आदि कुराले अनुसन्धान कार्यमा सहयोगीको भूमिका खेल्दछ । पूर्वकार्यको अध्ययनले शोधार्थीलाई समस्याको विशिष्टीकरण गर्न सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्ने, अवधारणा स्पष्ट पारी परिभाषीकरण, प्राक्कल्पना निर्माण गर्न, पुनरावृत्तिका सम्भावनालाई हटाउन, सम्भावित त्रुटिहरुबाट जोगिन, नयाँ एवम् उपयुक्त प्रविधि अपनाउन, समस्याको चुरो पत्ता लगाउनका साथै शोधको आवश्यकता बोध गराउन समेत सहयोग

पुग्दछ । यसरी पूर्वकार्यको अध्ययनले अनुसन्धानको विषयसँग सम्बन्धित पक्षबारे जानकारी बढाउन सहयोग गर्दछ ।

पूर्वअध्ययनबाट त्यस क्षेत्रमा के-कति अध्ययन अनुसन्धानका कार्य भएका छन् र अब गर्नुपर्ने काम के-कति छन् भन्ने कुराको जानकारी गराउँदछ । अनुसन्धान गर्न लागिएग्का विषय तथा शीर्षकका निम्ति पूर्वकार्यको समीक्षा राम्ररी गरेमा सुचना सङ्कलन र विश्लेषण गर्ने विधिको जानकारी प्राप्त हुन्छ । पूर्व अध्ययनले अनुसन्धान गर्न लागेको कार्यलाई बाटो देखाउने काम गर्दछ । यसले शीर्षक छनोटमा, उद्देश्य निर्माणमा, व्याख्या विश्लेषण गर्न र समस्या कथनका साथै अध्ययन कार्यलाई व्यवस्थित रूपले अगाडि बढाउन पनि सहयोग गर्दछ ।

## २.३ सैद्धान्तिक प्रारूप

अनुच्छेद कम भन्दा कम वाक्य समूहबाट व्यक्त गरिएको आलेख हो । यसलाई कुनै खास विचारको अभिव्यक्ति खण्ड पनि भनिन्छ । अनुच्छेदमा सामान्यतः मिल्दा जुल्दा वाक्यहरुको समूह रहन्छ, जसमा प्रयोग गरिएका वाक्यहरुमा कुनै खास मुख्य विचार, दृष्टिकोण प्रस्तुत भएको हुन्छ । यस्तो दृष्टिकोण प्रस्तुत गर्ने क्रममा वाक्यहरुका बिच उपयुक्त किसिमको विन्यास हुन्छ । एक अर्को वाक्यका बिच तार्किक सम्बन्ध हुन्छ । एक वाक्यसँग अर्को वाक्य उनिँदै बुनिँदै र अन्तरसम्बन्धित हुँदै अभिभाज्य रूपमा व्यवस्थित भएका हुन्छन् । विषय क्षेत्रका दृष्टिले अनुच्छेद विविध प्रकृतिका हुन सक्छन् : आख्यानात्मक, वर्णनात्मक, संवादात्मक, तुलनात्मक व्यतिरेकी आदि । यी सबै अनुच्छेदमा एक अर्को वाक्यका बिचमा तर्कपूर्ण ढङ्गले अन्तःसम्बन्ध स्थापित भएको पाइन्छ । भाषावैज्ञानिक दृष्टिमा अनुच्छेदमा रहने यस प्रकारको तर्कपूर्ण अन्तरसम्बन्धलाई संसक्ति (कोहेजन) पनि भनिन्छ । अनुच्छेदभित्र अन्तसम्बन्धित र तार्किक रूपमा संयोजित भएका अनुच्छेदहरुका बिचको आपसी शृङ्खलाबाट समग्र सङ्कथनका बिच पनि तार्किक एकत्व जोडिन पुग्छ । अनुच्छेदमा अभिव्यक्तिगत प्रवाह हुनु आवश्यक छ । त्यो प्रवाहसँगै सूचना सम्प्रेषण समेत प्राप्त हुन्छ । अनुच्छेदमा रहेका यस प्रकारको संसक्तिले पाठकलाई लेखकको विचारको नजिक पुऱ्याउँछ र उसको दृष्टिकोण ग्रहण गर्न सहज बनाउँछ ।

कुनै शीर्षकमा नीहित भएको स्वतन्त्र रूपमा संक्षिप्त विस्तार गर्नु अनुच्छेद लेखन हो । यसलाई लेखन कलाको महत्त्वपूर्ण कार्यकलाप मानिन्छ । यसको आकार प्रकार

विद्यार्थीहरुको अनुभव सङ्गठन गर्ने क्षमतासँग सम्बन्धित हुन्छ । अभिव्यक्तिगत संक्षिप्तता र गहनता नै यसको विशेषता हो (शर्मा र पौडेल, २०६८ : ११५) ।

अनुच्छेद एक भन्दा बढी वाक्यमा लेखिने लघुतम अभिव्यक्ति हो । यो एक अनुच्छेदमा लेखिन्छ । यो आफैँमा पूर्ण हुन्छ । एउटै अनुच्छेद भित्र अग्र, मध्य र अन्त्य भाग हुनु यसको विशेषता हो । अनुच्छेदको सुरुको भाग वा वाक्य परिचयात्मक हुन्छ । बिचका वाक्यहरु विस्तारात्मक हुन्छन् अन्त्यका वाक्यहरु उपसंहारात्मक हुन्छन् (अधिकारी र अन्य, २०६१ : १२५) ।

एक भन्दा कम वाक्यहरुको समूहबाट केही कुरा व्यक्त गरिएको आलेख अनुच्छेद हो । यो आलेखको सबैभन्दा तल्लो कोटी वा अभिव्यक्ति खण्ड हो । यसले कुनै लेख वा प्रबन्धका बुँदाहरु मध्ये कुनै एकलाई प्रतिनिधित्व गर्दछ (नेपाली बृहत् शब्दकोश, २०४०) ।

कुनै लेख वा रचनाको खण्ड जुन अर्को खण्डबाट ठाउँ छोडाइका आधारमा छुट्याइएको हुन्छ । गद्य अभिव्यक्तिको एक अंश वा एउटा सिङ्गो, छोटो, गद्यात्मक अभिव्यक्तिलाई अनुच्छेद भनिन्छ (प्रयोगात्मक नेपाली शब्दकोश, २०७०) ।

यसले  वाक्य विस्तारको जग निर्माण तथा ऊर्जा प्रदान गर्न सहयोगीको रूपमा काम गर्दछ । सिर्जनात्मक लेखनमा सहयोगी भएर आदि, मध्य र अन्त्यको तारतम्यतामा छोटो रूपमा नै प्रकट गर्न सकिन्छ । अनुच्छेद लेखन कार्य कुनै पनि शीर्षकका बारेमा सिर्जनात्मक तरिकाले गरिने अभिव्यक्ति हो । यो दुई भन्दा बढी वाक्यहरु संयोजित भई बनेको संक्षिप्त संरचनात्मक भाषिक एकाइ हो । वाक्य भन्दा माथिल्लो एकाइ अनुच्छेद हो । यसले  लेखाइ सिप विकासमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यो तोकिएको शीर्षकको भाषिक संरचनालाई एक प्रवाहमा फैलाउने, अर्थ्याउने संक्षिप्त विस्तार गर्ने आफैमा अर्थपूर्ण मौलिक जग निर्माणको महत्त्वपूर्ण कार्यकलाप भएकाले यसको आकार विद्यार्थीको अनुभव सङ्गठन गर्ने क्षमतासँग सम्बन्धित हुन्छ । तल्लो तहदेखि नै यो व्याकरणीय कमी-कमजोरीहरु निराकरण गर्न सहयोगी भएको छ । निरन्तर अभ्यासबाट लेखन कलामा स्तरीयता ल्याउन र शुद्धता प्रदान गर्न अनुच्छेद लेखन गराउनु पर्दछ । संक्षिप्त प्रस्तुति हुने यस लेखनमा आदि, मध्य र अन्त्यको तारतम्यबाट नै शीर्षकलाई प्रष्ट्याउने कार्य गरिएको हुन्छ ।

### २.३.१ अनुच्छेद लेखनको प्रयोजन

भाषाका चार सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन् । यी चार सिप मध्ये लेखाइ एउटा महत्त्वपूर्ण सिप हो । विद्यार्थीहरुलाई मौखिक भाषाको अभिव्यक्तिका साथै लिखित भाषाको अभिव्यक्तिप्रति तहगत स्तरीयताको आधारमा सचेत गराउन लेखाइ शिक्षणको आवश्यकता पर्दछ । लेखन कलामा कमजोर विद्यार्थीलाई माथिल्लो तहमा पुग्न कठिनाई पर्दछ ।

लेखाइ सिपको विकासमा अनुच्छेद लेखाइको महत्त्वपूर्ण स्थान रहने गर्दछ । यसले कुनै पनि विषयमा स्वतन्त्र तरिकाले चिन्तन, मनन गर्ने, लेखाइमा शुद्धता र स्तरीयता ल्याउने कार्यमा सहयोग गर्दछ । यसका साथै व्याकरणात्मक र वर्णविन्यासीय त्रुटिहरुको निराकरण गर्न र विद्यार्थीहरुमा मौलिक र सिर्जनात्मक क्षमताको विकासमा सहयोग गर्दछ ।

अनुच्छेद लेखनबाट कुनै पनि विषयमा स्वतन्त्र तरिकाले चिन्तन मनन गरी स्वतन्त्र र मौलिक अभिव्यक्ति दिने यसको उद्देश्य रहेको छ । मौलिक, स्वतन्त्र, सहज र संक्षिप्त रूपमा विचार वा भावलाई प्रस्तुत गर्ने क्षमताको विकास गर्न पनि यो उपयोगी रहन्छ । अनुच्छेद लेखनको माध्यमबाट विभिन्न किसिमका साहित्यिक र साहित्येतर रचनाहरु स्तरीय र खँदिलो भाषामा लेख्ने तथा विभिन्न खालका शैलीमा प्रस्तुत गर्ने क्षमताको विकास गर्ने उद्देश्य अनुच्छेद रहेको पाइन्छ ।

लेखाइमा शुद्धता, स्तरीयता, स्पष्टता र गहनता ल्याउन अनुच्छेदले महत्त्वपूर्ण कार्य गर्दछ । लेखाइसँग सम्बन्धित भाषिक समस्याको समाधान गरी लेखाइमा परिष्कार र परिमार्जन गर्न पनि यसले विशिष्ट सहयोग गर्दछ । यसले कुनै पनि विषय वस्तुको प्रस्तुतीकरण आदि, मध्य र अन्त्यको आधारमा क्रम मिलाएर अभिव्यक्त गर्न सहयोग गर्दछ । अनुच्छेद लेखनले विद्यार्थीहरुमा हिज्जे मिलाएर लेख्न, चित्र र वस्तुको लिखित वर्णन गर्न समेत सहयोग पुऱ्याउँछ । यसर्थ अनुच्छेद लेखन कलाको एक सशक्त माध्यम हो । यसको अभ्यासबाट विद्यार्थीमा मौलिक र स्वतन्त्र चिन्तनमा स्तरीय लेखाइ सिप विकासमा सहयोग गर्दछ । अतः अनुच्छेद लेखन अभ्यासले विभिन्न विषय शीर्षकमा अभिव्यक्त विचार शृङ्खलाहरुलाई समेटेर मौलिक र स्वतन्त्र चिन्तन मननका साथ स्तरीय लेखनगत विकासमा सहयोग पुऱ्याउँछ ।

### २.३.२ अनुच्छेद लेखनको ढाँचा

अनुच्छेद कम भन्दा कम वाक्य समूहबाट व्यक्त गरिएको आलेख हो । यसलाई कुनै खास विचारको अभिव्यक्ति खण्ड पनि भनिन्छ । अनुच्छेद भित्र तीन किसिमका संरचना देखिन्छन् : आदि, मध्य र अन्त्य । यसलाई परिचय भाग, मुख्य भाग र निष्कर्ष भाग पनि भनिन्छ :

**(क) आदि (परिचय) भाग**

अनुच्छेदको प्रारम्भमा एउटा मुख्य वाक्य रहेको हुन्छ । त्यस्तो वाक्यलाई अनुच्छेदको शीर्ष वाक्य भनिन्छ । शीर्ष वाक्य भनेको लेखकले अभिव्यक्त गरेको विचारको समष्टि स्वरूप हो । यस्तो वाक्यमा लेखकले प्रस्तुत गर्न चाहेको सन्देश प्रस्तुत हुन्छ । यस प्रकारको वाक्यले समग्र अनुच्छेदलाई नियन्त्रित पनि गर्दछ । यसबाट उक्त अनुच्छेद भरी सोही वाक्यको शृङ्खलावद्ध प्रस्तुत गरिएको हुन्छ । कुनै पनि अनुच्छेदको प्रारम्भमा समग्र अनुच्छेदको विचारको प्रतिनिधित्व गर्ने मुख्य/शीर्ष वाक्य हुनु आवश्यक ठानिन्छ । लेखकद्वारा आफ्नो शैली र दृष्टिकोणलाई प्रस्तुत गर्ने क्रममा आफ्नो निजत्व कायम रहने गरी शृङ्खलावद्ध रूपमा अनुच्छेद लेखन गरिन्छ ।

**(ख) मध्य (मुख्य) भाग**

अनुच्छेद संरचनाको दोस्रो खण्ड महत्त्वपूर्ण भाग हो । यसमा मुख्य वाक्यमा प्रयोग भएका वाक्यहरुलाई पुष्टि गर्ने सहयोगी वाक्यहरु रहेका हुन्छन् । मुख्य वाक्यमा प्रस्तुत विचारलाई त्यसपछि आउने वाक्यहरुले प्रस्ट पार्दै त्यसको विस्तार गर्दै जान्छन् । यस प्रकारका वाक्यहरु अनुच्छेदको समग्र संरचना अनुसार थोरै वा धेरै पनि हुन सक्छन् । यी वाक्यहरु लेखकको दृष्टिकोणलाई प्रस्तुत गर्ने मुख्य वाक्यको क्षेत्र भन्दा बाहिर जाँदैनन्, यी वाक्यहरुमा लेखकका दृष्टिकोण, छलफल, तथ्य, तर्क वितर्क, आलोचना, समालोचना, व्याख्या, विश्लेषण उदाहरण तथा सूचनाका रूपमा आएका हुन्छन् । यसरी मुख्य वाक्यमा प्रयोग भएका अन्य सहयोगी वाक्यहरुले सो वाक्यमा भनिएका विचारलाई तर्कपूर्ण रूपमा पुष्टि गर्दै जान्छन् ।

### (ग) अन्त्य (निष्कर्ष) भाग

यसलाई अनुच्छेदको निष्कर्ष वा सारांश खण्ड पनि भन्न सकिन्छ । यस खण्डमा अनुच्छेदमा दिइएका समग्र सूचना र विचारहरुका बिचको सम्बन्ध कायम गरिएको हुन्छ र त्यसलाई संगठित रूपले सारांशका रूपमा प्रस्तुत गरिएको हुन्छ । पहिलो र दोस्रो भागमा अभिव्यक्त विचारको पुनर्स्थापना तथा पुनर्सबलीकरण गरिएको हुन्छ । यो प्रक्रिया लेखकको तर्कपूर्ण विचारको समग्र संश्लेषणका रूपमा रहेको हुन्छ । अनुच्छेदमा उल्लेख गरिएका विचारहरु महत्त्वपूर्ण र उल्लेखनीय छन् भन्ने विषयमा संक्षिप्त दिशा निर्देश पनि गरिएको हुन्छ । निष्कर्ष वाक्यमा अनुच्छेदका आदि, मध्य भागमा आएका सम्पूर्ण विचारहरुलाई शृङ्खलाबद्ध रूपमा उनेर सटिक ढङ्गबाट सार सङ्क्षेपमा प्रस्तुत गरिएको हुन्छ ।

## २.३.३ अनुच्छेद लेखनका प्रकार

लेखन शैलीका आधारमा अनुच्छेदका प्रकारलाई निम्नानुसार चर्चा गर्ने गरिएको छ :

### (क) आत्मपरक अनुच्छेद

निश्चित विषय वा शीर्षकमा लेखिएका निजी भावना, वैयक्तिक अनुभव तथा अनुभूति आदिका क्रमबद्ध अभिव्यक्तिलाई आत्मपरक अभिव्यक्ति भनिन्छ । यसमा आफ्ना भावना वा विचारलाई प्रथम पुरुष वाचक सर्वनाम जस्तै म, हामी, आफूको प्रयोग गरी अभिव्यक्त गरिएको हुन्छ । यसमा लेखकले आफ्ना भावनाहरु पनि प्रस्तुत गर्न सक्छ ।

### (ख) वस्तुपरक अनुच्छेद

कुनै वस्तु, विषय वा शीर्षकलाई नै केन्द्र बनाई त्यससँग सम्बन्धित वास्तविक सत्यतथ्य वर्णन एवम् वास्तविक कुराहरुको सिलसिलेवार वर्णन विवरणमा आधारित लेखनलाई वस्तुपरक अनुच्छेद भनिन्छ । यसमा भाव र विचारलाई त्यति महत्त्व नदिई बाहिरी जगतलाई बढी प्राथमिकता दिइएको हुन्छ । वस्तुपरक अनुच्छेदमा कुनै पनि ज्ञान वा सूचना सञ्चार गर्ने उद्देश्य विषय शीर्षकहरुको वर्णन गरिन्छ ।

### (ग) आख्यानात्मक अनुच्छेद

यो कथात्मक शृङ्खलाले भरिएको किस्साले युक्त अनुच्छेद हो । यसमा घटना र चरित्रलाई क्रमबद्ध ढङ्गले जोडेर कथाका रूपमा प्रस्तुत गरिन्छ । कुनै विषय शीर्षकमा

दिइएका घटनाक्रममा बुँदाहरु जोडी घटनाको सिलसिला मिलाएर लेखिएको आख्यानले भरिपूर्ण अभिव्यक्तिलाई आख्यानात्मक अनुच्छेद भनिन्छ ।

**(घ) तार्किक अनुच्छेद**

तर्कलाई पुष्टि गर्ने गरी रचिएको अनुच्छेदलाई तार्किक अनुच्छेद भनिन्छ (ज्ञवाली र भट्टराई, २०६६ : १२) । कुनै विषय शीर्षकको कुनै एक पक्षमा पाठकलाई सहमत असहमत तुल्याउन तर्कहरु प्रस्तुत गरिएको लेखनलाई तार्किक अनुच्छेद भनिन्छ । जसअन्तर्गत लेखाइलाई लामा वाक्यहरु साथ प्रचुर विशेषता र बौद्धिकताले भरिएको अति कठिन भइकन गहकिलो तथा विचारात्मक ओजले युक्त शैली प्रस्तुत गरिन्छ । यसमा कुनै विषयसँग सम्बन्धित तर्कलाई प्रमाणित गरी एक अनुच्छेद लेखिन्छ ।

**(ङ) भावनात्मक अनुच्छेद**

भावलाई केन्द्र बनाएर काल्पनिक रूपमा लेखिएको अनुच्छेदलाई भावपरक अनुच्छेद भनिन्छ । यस्तो अनुच्छेदलाई भावमय वा भावनात्मक अनुच्छेद पनि भनिन्छ । यस्तो अनुच्छेदमा कुनै विषय शीर्षकमा नीहित अनुभवलाई आफ्ना भावनामा रङ्ग्याएर प्रस्तुत गरिन्छ ।

**(च) आलङ्कारिक अनुच्छेद**

अलङ्कारको प्रयोग गरेर साहित्यिकता झल्किने ढङ्गमा लेखिएको अनुच्छेदलाई आलङ्कारिक अनुच्छेद भनिन्छ । यसमा कुनै विषय शीर्षक वर्णनमा अनुप्रास, उपमा, दृष्टान्त, रूपक आदि अलङ्कारहरु तथा विम्ब र प्रतीक आदिको समेत प्रयोग गरी चमत्कारपूर्ण ढङ्गले अभिव्यक्तिलाई प्रस्तुत गरिएको हुन्छ ।

**(छ) विश्लेषणात्मक अनुच्छेद**

कुनै पनि विषय वस्तुको गहिराइमा पुगेर त्यसका सबल र दुर्बल पक्षलाई चिरफार र खोजतलास गरी तथ्यपूर्ण विषयको व्याख्या, वर्णन र विश्लेषणात्मक निष्कर्षतर्फ उन्मुख भएको अनुच्छेदलाई विश्लेषणात्मक अनुच्छेद भनिन्छ । यस्तो अनुच्छेदमा तथ्यलाई केन्द्र बनाएर केलाउने गरिन्छ ।

(ज) **व्यङ्ग्यात्मक अनुच्छेद**

कुनै विषय वस्तु, प्रवृत्ति शीर्षकप्रति व्यङ्ग्य गरी लेखिएको अनुच्छेद व्यङ्ग्यात्मक अनुच्छेद हो । कुनै विषय वस्तुमा केन्द्रित रहेर अभिव्यक्त भएको विचारलाई घुमाउरो पाराले प्रस्तुत गरिएको अनुच्छेदलाई व्यङ्ग्यात्मक अनुच्छेद भनिन्छ।

अतः अनुच्छेद विविध शैली र अभिव्यक्तिका आधारमा लेखिने भए पनि मूलतः यी माथि व्याख्या गरे अनुसार अनुच्छेद लेखिन्छ । यो मौलिक र स्वतन्त्र लेखन भएकाले विषय शीर्षकबारे आफ्ना सोच र शैलीमा एक अनुच्छेद नबढाई स्वतन्त्र ढङ्गले विस्तार गरिन्छ ।

### २.३.४ अनुच्छेद लेखन तरिका

अनुच्छेद लेख्दा विविध तरिका अपनाउन सकिन्छ । सर्वप्रथम शीर्षकसँग सम्बन्धित विषय वस्तुलाई राम्रोसँग ठम्याउने र त्यसका बुँदाहरु लेख्ने, टिपोट गरिएका बुँदाहरुलाई आदि, मध्य र अन्त्यको क्रममा मिलान गरी सर्वप्रथम शीर्षक राखेर वितरण गरिएका बुँदाको आधारमा अनुच्छेद लेखनको थालनी गर्नुपर्दछ । विचारलाई सरल र सहज तरिकाले लेखेर प्रकट गरिने माध्यम अनुच्छेद लेखन भएकाले अनुच्छेद लेखनका क्रममा निर्देशित शैलीलाई अपनाउने र लेखनलाई क्रमबद्ध र पूर्ण बनाउने गर्नु पर्दछ । यो निरन्तर अभ्यासबाट मात्र स्तरीय र तीक्ष्णता ल्याउन सकिन्छ ।

### २.३.५ अनुच्छेद लेखनका विधि र प्रक्रिया

अनुच्छेद विविध विधि र प्रक्रियाबाट लेख्न सकिन्छ । सर्वप्रथम अनुच्छेद लेख्नु भन्दा अगाडि कुन तरिका अपनाएर लेख्ने भन्ने कुराको ज्ञान हुन जरुरी हुन्छ । शीर्षकले विद्यार्थीलाई स्वतन्त्र वा निर्देशित वा दुबै कुन तरिकाले अनुच्छेद लेख्न लगाउने हो सो कुरा स्पष्ट हुनु पर्दछ ।

खासगरी अनुच्छेद लेखन गर्दा विद्यार्थीको रुचि, क्षमता र स्तर अनुसार अभ्यास गराउनु पर्दछ । यी कुराहरुको बारेमा ज्ञान भइ सकेपछि शीर्षक वा विषयका बारेमा राम्रोसँग सोच विचार गर्ने, आफ्नो ज्ञान र सम्झनाको प्रयोग गरी बुँदाहरु टिपोट गर्नु पर्दछ । बुँदाहरुको टिपोट पश्चात् तिनलाई आदि, मध्य र अन्त्यको क्रममा विभाजन गरिनु पर्दछ । संगठित बुँदाहरु आत्मपरक र वस्तुपरक कुन आधारमा लेख्ने त्यसको खेस्रा तयार पारी खेस्राको संशोधन र परिमार्जनका आधारमा क्रमबद्धता मिलाई शुद्ध, स्पष्ट प्रभावकारी भाषाको प्रयोगका आधारमा परिष्कार गरिनु पर्दछ । त्यसपछि अन्तिम रूपको साफी तयार पार्नु पर्दछ ।

### २.३.६ अनुच्छेद लेखन गर्दा ध्यान दिनुपर्ने कुराहरु

भाषाका चार सिप मध्ये लेखन सिप सबै भन्दा जटिल सिप भएकाले अनुच्छेद लेख्दा मूल भावलाई नछुट्ने गरी आदि, मध्य र अन्त्यको शृङ्खला मिलाएर प्रस्तुत गर्नु पर्छ ।

सर्वप्रथम शीर्षक वा विषय वस्तुको बारेमा गहिरो चिन्तन-मनन गरी त्यसमा भएको मूल कुरालाई बुँदामा तथा आदि, मध्य र अन्त्यको शृङ्खलामा लेख्नु पर्ने हुन्छ । विषय वस्तुलाई प्रस्तुत गर्नको निमित्त भाषिक अभिव्यक्तिलाई सिलसिला बद्ध तरिकाले प्रस्तुत गर्दै स्वतन्त्र एवम् मौलिक चिन्तन गर्न र भाषाको शुद्ध प्रस्तुतिमा टेवा पुऱ्याउँछ । अनुच्छेद विभिन्न विधि र प्रक्रिया अपनाएर लेख्नु पर्दछ । विषय प्रस्तुतीकरणका लागि उपयुक्त शैलीचयन गर्नु पर्दछ । चयन गरिएको विषयलाई निर्धारित शैली अनुरूप विस्तार गर्दै बढाउनु पर्छ र परिष्कार र परिमार्जन गर्दै साफी लेखन गरेर उपयुक्त शीर्षकमा राख्नु पर्दछ। अनुच्छेदको पहिलो वाक्य लेख्दा एक शब्द अट्ने ठाउँ (पाँच स्पेश) राखेर सुरु गर्नुपर्छ र वर्णन जहाँ सकिन्छ त्यही अन्त्य गरिनु पर्दछ ।

### २.३.७ अनुच्छेद लेखनका विशेषताहरु

कुनै पनि विषय, शीर्षक वा अंशमा आधारित भई सिर्जनात्मक तरिकाले स्वतन्त्र र सङ्क्षिप्त रूपमा विस्तार गर्नु नै अनुच्छेद लेखन हो । यसको कुनै निश्चित आकार नभई विद्यार्थीहरुको तथा ज्ञानको भण्डारसँग सम्बन्धित हुन्छ । अनुच्छेद लेखनका विशेषतालाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिन्छ :

- अनुच्छेदमा क्रमबद्धता हुनु पर्दछ ।
- अनुच्छेद विषय सुहाउँदो हुनु पर्दछ ।
- अनुच्छेदमा आदि, मध्य र अन्त्यको क्रमबद्धता मिलेको हुनु पर्दछ ।
- अनुच्छेद स्पष्ट, शुद्ध र मौलिक हुनु पर्दछ ।
- अनुच्छेद पूर्ण हुनु पर्दछ । आदि ।

### २.३.८ लेखन सिप विकासमा अनुच्छेद लेखनको भूमिका

भाषाका चार सिप मध्ये एउटा महत्त्वपूर्ण सिप हो । सुने, बोलेका र पढेका कुरालाई सिलसिला मिलाएर प्रस्तुत गरिने काम लेखाइबाट हुन्छ । सुनाइ, बोलाइ र पढाइका अपेक्षा तल्ला तहमा लेखाइको कम प्रयोग गरिने भए पनि यसको अपरिहार्यता अस्वीकार गर्न चाहिँ मिल्दैन । लिखित अभिव्यक्तिको महत्त्व त्यतिबेला हुन्छ जतिबेला वक्ताले बोलेका कुरा

स्रोताले सामुन्ने बसेर सुन्न सक्दैन । त्यस समयमा वक्ताका अभिव्यक्तिलाई लेखाइका माध्यमबाट लिपिबद्ध गरी सुरक्षित राख्नु पर्ने हुन्छ ।

विद्यार्थीहरुलाई लेखन सिपमापारङ्गत बनाउन, लेख्य भाषाका विशेषता तथा नियमहरुमा अभ्यस्त बनाउन लेखाइ शिक्षणले सहयोग पुऱ्याउने गर्दछ । निबन्ध, कथा, जीवनी, टिप्पणी, सारांश, प्रतिवेदन, दैनिकी र अनुच्छेद आदि जस्ता सिप सम्बन्धित कार्यकलापले लेखाइ सिप विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको हुन्छ । कुनै विषय वा शीर्षकमा केन्द्रित भई आफ्नो विचारलाई सरल र सहज संक्षिप्त रूपको पूर्ण अभिव्यक्ति दिने माध्यम अनुच्छेद लेखन हो । यसको निरन्तर अभ्यासबाट लेखन कलामा स्तरीय ल्याउन सकिन्छ । अनुच्छेद लेखनमा विभिन्न विषय वस्तुलाई शीर्षक बनाएर अनुच्छेद लेख्न सकिन्छ । लेखाइमा शुद्धता, वर्णविन्यासगत त्रुटि हटाउन, विराम चिह्नको सही तरिकाले प्रयोग गर्न अनुच्छेद लेखनले सहयोग गर्दछ । अनुच्छेद लेखनको माध्यमबाट मौखिक र सिर्जनात्मक क्षमताको विकासमा सहयोग गरी आफूले भन्न खोजेको कुरा सिलसिला र क्रमबद्ध रूपमा आदि, मध्य र अन्त्य भागमा सङ्गठन गरी प्रस्तुत गर्न सहयोग गर्दछ ।

विविध विधा वा शीर्षकमा निहित भावलाई छोटो, छरितो, संक्षिप्त र विद्यार्थीको स्तर तथा क्षमता अनुसार प्रस्तुत गर्न अनुच्छेद लेखनले लेखन सिप विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ ।

### २.३.९ अनुच्छेद लेखन परीक्षण प्रक्रिया

प्रतिनिधि नमुना छनोटमा परेका बझाङ जिल्ला कक्षा सातका दसओटा विद्यालयका १०० जना विद्यार्थी रहेका छन् । विद्यार्थीहरुमा अनुच्छेद लेखन एकओटा शीर्षक दिई लेख्न लगाइएको छ । उक्त शीर्षकमा विद्यार्थीले लेखेका अनुच्छेदहरुलाई परीक्षण गर्ने तरिका निम्नानुसार प्रस्तुत गरिएको छ । अनुच्छेद लेखनको शीर्षकलाई १०० पूर्णाङ्क कायम गरिएको छ ।

#### (क) विषय वस्तुका आधारमा

विषय वस्तु उपर्युक्त छ कि छैन भनी जाँच्नको लागि ४० पूर्णाङ्क कायम गरिएको छ ।

#### (ख) संरचनाका आधारमा

यसमा विद्यार्थीहरुले प्रस्तुत गरेको विषय वस्तुलाई आदि, मध्य र अन्त्यको संरचनाका आधारमा हेरिएको छ । यसको लागि पूर्णाङ्क २० कायम गरिएको छ ।

(ग) **भाषाशैलीका आधारमा**

भाषाशैलीमा मौलिकता, स्तरीयता छ कि छैन भन्ने कुरा हेरिएको छ । भाषाशैलीलाई पनि २० पूर्णाङ्क कायम गरिएको छ ।

(घ) **वर्ण विन्यासका आधारमा**

विद्यार्थीले अनुच्छेद लेखनमा समावेश वर्ण विन्यास कतिको उपर्युक्त छ भन्ने कुरा हेरिएको छ । वर्ण विन्यासलाई पनि २० अङ्क प्रदान गरिएको छ ।

### २.३.१० अनुच्छेद लेखन र लेखन सिपको सम्बन्ध

मस्तिष्कमा उब्जेका विचार होस् वा देखे, जाने, सुने, बुझे, पढे र अनुभव गरेका कुरा होस् त्यसलाई लिपि चिह्नद्वारा प्रकट गर्ने गराउने कार्यलाई लेखाइ भनिन्छ । लेखाइले मौखिक अभिव्यक्तिको सीमित दायरालाई फराकिलो पार्दछ । लिपि चिह्नद्वारा विचार, धारणा र भावको प्रकटीकरण गर्दा वक्ताको स्रष्टा र द्रष्टा व्यक्तित्व उजागर हुन्छ ।

भाषा पाठ्य पुस्तकको निर्माण भाषा पाठ्यक्रमको निर्देशनमा गरिन्छ । भाषा पाठ्य पुस्तकमा भाषालाई साध्य र साधन दुबै रूपमा समावेश गरिएको हुन्छ । भाषाका चारवटा सिपहरु सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग पाठ्यक्रम तथा पाठ्यपुस्तक केन्द्रित हुन्छन् । भाषाको माध्यमबाट व्यक्तिले आफ्ना विचारलाई अरु समक्ष प्रदान गर्दछ भने अरुका विचार ग्रहण गर्दछ । सुनाइ र पढाइ आदानात्मक प्रकृतिका भाषिक सिप हुन् भने बोलाइ र लेखाइ प्रदानात्मक वा अभिव्यक्तिमूलक प्रकृतिका भाषिक सिपको एकीकृत शिक्षण हो । शिक्षणमा भाषाका माध्यबाट केही कुरा शुद्ध ढङ्गले बोल्न, पढ्न र लेख्न क्रमशः सिकाउने काम हुन्छ । लेखाइ सिप सबैभन्दा स्तरीय भाषिक अभिव्यक्तिको उत्कृष्टता हासिल गरेको हुनुपर्दछ । त्यसकारण लेखन कलाको विकास गर्ने माध्यमका रूपमा पनि अनुच्छेद लेखन क्षमतालाई लिइन्छ । लेखाइ सिप विकासको आधारहरु मध्ये अनुच्छेद लेखन पनि प्रमुख माध्यम मानिन्छ ।

कुनै पनि व्यक्तिको आत्मामा रहेका अन्तरनिहित प्रतिभा एवम् विचारलाई लिपिबद्ध गर्ने माध्यम लेखाइ हो । यसका लागि अनुच्छेद लेखनले सहयोग गर्दछ । यसबाट स्वतन्त्र, स्पष्टता, शुद्धता र मौलिक भाषा व्यक्त गर्ने सहयोग गर्दछ । लेखनले विविध विधाहरुको ढङ्ग, ढाँचा र विचारको क्रमबद्धता, वाक्य गठन, शीर्षक चयन, आदि साथै भाषिक

शुद्धता, मौलिकता जस्ता पक्षमा समेत सहयोग गर्दछ । विद्यार्थीमा लेखाइ सिपको विकास गराउन चित्र वर्णन, अनुलेखन, श्रुतिलेखन, चिठी लेखन, जीवनी लेखन, संवाद लेखन, निबन्ध लेखन, सारांश लेखन, भाव, व्याख्या, कथा लेखन, अनुच्छेद लेखन जस्ता लेखन कलासँग सम्बन्धित कार्यहरु गराइन्छ । शुद्ध, सफा, स्पष्ट तथा छिटो लेखनमा पनि अनुच्छेद लेखन प्रभावकारी मानिन्छ ।

**अध्याय तिन**

# अध्ययन विधि र प्रक्रिया

शोधकार्य गर्दा निश्चित विधि र प्रक्रिया अपनाइन्छ ती विधि र प्रक्रियालाई शोध प्रस्तावमै उल्लेख गर्न आवश्यक हुन्छ । अनुसन्धान कर्ताले गर्न लागेको अनुसन्धान कुन ढाँचा अथवा तरिका अपनाएर गर्ने भन्ने कुरा अध्ययनको विधि र प्रक्रिया अन्तर्गत रहन्छ । जनसङ्ख्याको पहिचान, नमुना छनोट, उपकरणको निर्माण, सामग्री सङ्कलन, तथ्याङ्कको सङ्कलन तथा विश्लेषण यस अन्तर्गत पर्दछ । प्रस्तुत अध्ययनमा सामग्री सङ्कलनका निम्ति पुस्तकालयीय अध्ययन र क्षेत्रीय विधिको उपयोग गरिएको छ । त्यसै गरी सम्बन्धित क्षेत्रमा गएर जनसङ्ख्या प्रतिनिधि नमुना छनोट, सामग्री निर्माण र परीक्षणलाई क्षेत्रीय अध्ययन विधिको आधारमा बनाइएको छ ।

## ३.१ जनसङ्ख्या र नमुना छनोट

शैक्षिक सत्र २०७४ सालमा बझाङ जिल्लाका कक्षा सातमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई जनसङ्ख्याको रूपमा लिइएको छ । उक्त जनसङ्ख्याबाट बझाङ जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत ५० छात्र र ५० छात्रा पर्ने गरी जम्मा १०० जना विद्यार्थीहरुलाई प्रतिनिधि नमुना छनोट गरिएको छ ।

## ३.२ तथ्य सङ्कलन प्रक्रिया

प्रस्तुत अध्ययनमा तथ्य सङ्कलनका लागि प्रत्यक्ष कार्यस्थलमा उपस्थित भई छनोटमा परेका विद्यालयमा गएर तथ्य सङ्कलन गरिएको छ । तथ्य सङ्कलन गर्दा समय सीमा निर्धारण गरी स्वतन्त्र र निर्देशित रूपमा ‘मेरो विद्यालय’ शीर्षकमा अनुच्छेद लेख्न लगाइ पूर्व परीक्षण गरिएको छ । पूर्व परीक्षण गरिएका उत्तर पुस्तिकालाई प्रक्रियागत रूपमा जाँच गरी प्राप्त नतिजा अनुसार तथ्य सङ्कलन गरिएको छ ।

## ३.३ व्याख्या विश्लेषण

प्रस्तुत अनुसन्धानलाई अगाडि बढाउनको लागि सामग्री सङ्कलन गरि सकेपछि विद्यार्थीको अनुच्छेद लेखन क्षमता कस्तो रह्यो भनी उत्तर पुस्तिकामा अङ्कित गरिएको प्राप्ताङ्कका आधारमा सामुदायिक र संस्थागत विद्यालयका आधारमा, छात्र र छात्राका

आधारमा विद्यार्थीको क्षमतालाई समूहगत रूपमा वर्गीकरण गरी तालिकीकरण गरिएको छ । उत्तर पुस्तिका परीक्षण पश्चात् विषय वस्तु, संरचना, भाषिक शुद्धता, वर्ण विन्यासलाई आधार बनाइ मध्यमान र प्रतिशतका आधारमा गणना गरिएको छ । उक्त गणनाबाट प्राप्त प्राप्ताङ्कलाई आधार मानी विषय वस्तु, संरचना, शुद्धता, वर्ण विन्यासका आधारमा तुलनात्मक व्याख्या विश्लेषण गरिएको छ । यसरी समग्रमा अध्ययन पश्चात् मध्यमान र प्रतिशताङ्क निर्धारण भए बमोजिम विद्यार्थीको अनुच्छेद लेखन क्षमताको व्याख्या विश्लेषण गरिएको छ ।

निर्धारित समयावधिमा लेखिएका उत्तरहरु सङ्कलन गरी विषय वस्तुलाई ४०, संरचनालाई २०, भाषाशैलीलाई २० र वर्ण विन्यासलाई २० अङ्क निर्धारण गरिएको छ ।

**विषय वस्तु** : अनुच्छेदको शीर्षक मिल्दो विषय वस्तु प्रयोग हुनु पर्दछ । यस्ता शीर्षकसँग मिल्दा विषय वस्तु प्रयोग भएका छन् कि छैनन् भनी अध्ययन गरिएको छ ।

**संरचना** : अनुच्छेदमा आदि, मध्य र अन्त्य भागमा व्यक्त गरिएका वाक्यहरुको प्रस्तुतिको अध्यापन गरिएको छ ।

**भाषाशैली** : अनुच्छेद लेख्दा कस्तो भाषाशैलीको प्रयोग गरेका छन् ? भाषामा मौलिकता, सिर्जनात्मकता, जटिलता तथा रचनात्मक जस्ता कुराहरुको प्रयोग गरेका छन् कि छैनन् भन्ने अध्ययन गरिएको छ ।

**वर्ण विन्यास** : वर्ण विन्यास, भाषिक चिह्न जस्ता कुराहरु मिलाएर लेखिएको भाषाले भाषामा प्रष्टता ल्याउने हुँदा यस्ता कुराहरु मिले नमिलेको अध्ययन गरिएको छ ।

यसरी प्रतिनिधि नमुना छनोट पश्चात् उपलब्ध तथ्याङ्कलाई विषय वस्तु, संरचना, भाषाशैली र वर्ण विन्यासको आधारमा मूल्याङ्कन गर्नुका साथै विषय वस्तुमा २० अङ्क भन्दा माथि आउनेलाई उत्तम, १५-१९ सम्मलाई मध्यम, १०-१४ सम्मलाई सामान्य र त्यस भन्दा तल अङ्क आउनेलाई निम्न भनी वर्गीकरण गरिएको छ । त्यस्तै संरचना, भाषाशैली र वर्ण विन्यासमा १५ भन्दा माथि अङ्क आउनेलाई उत्तम, ११-१५ आउनेलार्य मध्यम, ६-१० आउनेलाई सामान्य र ०-५ सम्म आउनेलाई निम्न भनी वर्गीकरण गरिएको छ ।

## अध्याय चार

## समग्र विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता

प्रस्तुत अनुसन्धान कार्य बझाङ जिल्ला कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । बझाङ जिल्लाका पाँच वटा सामुदायिक विद्यालय श्री दुर्गा उच्च मा.वि. बाँठपाली मा.वि., मजखोरी मा.वि., मष्टा मा.वि. र गौरी नि.मा.वि. र पाँच वटा संस्थागत विद्यालय श्री राष्ट्रिय पब्लिक इङ्लिस बोर्डिङ, बाल विकास इङ्गलिस बोर्डिङ, खप्तड इन्टर नेशनल बोर्डिङ्, बझाङ मेरिगोल्ड इङ्लिस बोर्डिङ र फारवेष्ट इन्टर नेशनल एकेडेमी बझाङ जिल्लाका विद्यालयका १०० जना विद्यार्थीहरुबाट प्राप्त तथ्याङ्कलाई विषय वस्तु, संरचना, भाषा शैली र वर्ण विन्यासलाई आधार मानेर विश्लेषण गरिएको छ । विश्लेषण गर्दा समग्र विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता, विद्यालय प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलनात्माक अध्ययन गरिएको छ । अतः कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता पहिचान गर्ने सन्दर्भमा यस अध्ययनमा विद्यार्थीका अनुच्छेद सम्बन्धी सिप, दक्षता, क्षमता पत्ता लगाउने, सिर्जनात्मक तथा मौलिक पक्षको पहिचान गर्ने तथा लेखन शैली पत्ता लगाउने प्रयास गरिएको छ । अनुच्छेद लेखनका क्रममा कोही विद्यार्थी विषय वस्तुमा सबल देखिन्छन् भने कोही विद्यार्थी संरचनामा । त्यस्तै गरी कोही विद्यार्थी भाषाशैलीमा सबल देखिन्छन् भने कोही विद्यार्थी वर्ण विन्यासमा सबल देखिन्छन् । कसैले आदि, मध्य र अन्त्यको कुशल संयोजन गरेका छन् भने कसैले छैनन् । यस्ता विविध पक्षलाई मध्यनजर गर्दै समग्र विद्यार्थीको अनुच्छेद लेखन क्षमताको स्थिति, विद्यालय प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गरी त्यसको विश्लेषण गर्ने कार्य प्रस्तुत अध्ययनमा गरिएको छ ।

प्रस्तुत अनुसन्धानमा १०० पूर्णाङ्क कायम गरिएकोमा विषय वस्तुलाई ४०, संरचनालाई २०, भाषाशैलीलाई २० र वर्ण विन्यासलाई २० अङ्क प्रदान गरिएको छ । विषय वस्तुको श्रेणी निर्धारण गर्दा चार वटा श्रेणीमा विभाजन गरिएको छ । जसमा २० भन्दा माथि ल्याउनेलाई उत्तम, १५-१९ लाई मध्यम, १० देखि १४ लाई सामान्य र १० भन्दा तल ल्याउनेलाई निम्न आधारमा राखिएको छ । त्यस्तै संरचना भाषाशैली र वर्ण

विन्यासलाई २०/२० अङ्क निर्धारण गरिएकोमा १५ भन्दा माथि ल्याउनेलाई उत्तम, ११ देखि १५ लाई मध्यम, ६ देखि १० लाई सामान्य र ० देखि ५ लाई निम्न आधारमा राखिएको छ।

यस अध्ययनबाट समग्र विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको स्थिति तलको तालिकामा देखाइएको छ :

**तालिका १**


**समग्र विद्यार्थीको अनुच्छेद लेखन क्षमता स्थिति**

| जम्मा विद्यार्थी सङ्ख्या | समग्र विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क | औसताङ्क |
|---|---|---|
| १०० | ५२१० | ५२.१ |

उपर्युक्त तालिकामा समग्र विद्यार्थीले १००० पूर्णाङ्कमा ५२१० अङ्क प्राप्त गरेका छन्। यो तथ्याङ्कीय प्राप्ताङ्कका आधारमा समग्र विद्यार्थीको औसताङ्क ५२.१ रहेको छ। यो अध्ययनबाट विद्यार्थीको अनुच्छेद लेखन क्षमता मध्यम खालको रहेको पाइन्छ।

माथिको तालिकालाई वृत्तचित्रमा तल प्रस्तुत गरिएको छ :

**वृत्तचित्र १**




**समग्र विद्यार्थीको अनुच्छेद लेखन क्षमता अवस्था**

उपर्युक्त वृत्तचित्रमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन विश्लेषण गरी प्राप्त परिणामलाई ३६० डिग्रीको कोणका आधारमा प्रस्ट पारिएको छ । प्रस्तुत वृत्तचित्रमा जम्मा १०० जना विद्यार्थीले विषय वस्तु, संरचना, भाषाशैली र वर्ण विन्यासमा प्राप्त गरेको समग्र प्राप्ताङ्क ५२१० रहेको छ भने उनीहरुको औसताङ्क ५२.१ रहेको पाइन्छ । समगम्रमा अनुच्छेद लेखन क्षमता मध्यम खालको पाइन्छ ।

## ४.१ विषय वस्तुका आधारमा

बभ्काङ जिल्ला कक्षा सातमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुको विषय वस्तुका आधारमा अनुच्छेद लेखन क्षमतालाई तलको तालिका प्रस्तुत गरिएको छ :

**तालिका २**


**विषय वस्तुका आधारमा अनुच्छेद लेखन क्षमताको स्थिति**

| जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | ६६ | ६६ | ५ | ५ | २७ | २७ | २ | २ |

उपर्युक्त तालिका अनुसार कूल विद्यार्थी सङ्ख्या १०० रहेकोमा उत्तममा ६६ जना अर्थात् ६६ प्रतिशत, मध्यममा ५ जना अर्थात् ५ प्रतिशत, सामान्यमा २७ जना अर्थात् २७ प्रतिशत र निम्नमा २ जना अर्थात् २ प्रतिशत रहेको पाइन्छ । अनुच्छेद लेखनको शीर्षक विद्यार्थीको परिवेशसँग सम्बन्धित भएकाले विषयवस्तुको प्रयोग सन्तोषजनक पाइन्छ । विद्यार्थीले आफ्नो क्षमता, दक्षता र कौशलता प्रयोग गरी विषयवस्तुलाई प्रस्तुत गरेका छन् । उनीहरुको तह र स्तरअनुसार विषयवस्तुको प्रयोग उत्तम देखिए तापनि अनुच्छेद लेखन कार्यलाई तल्लो तहदेखि माथिल्ला तहसम्म उपयुक्त तरिकाले अभ्यास गराउनुपर्ने देखिन्छ । शीर्षक अनुसार विषय वस्तुको प्रयोग गराई उत्तम देखिन्छ ।

माथिको तालिकालाई वृत्तचित्रमा तल प्रस्तुत गरिएको छ :

**वृत्तचित्र २**




**विषय वस्तुका आधारमा अनुच्छेद लेखन क्षमताको अवस्था**

उपर्युक्त वृत्तचित्र अनुसार कूल विद्यार्थी सङ्ख्या १०० रहेकोमा उत्तममा ६६ प्रतिशत, मध्यममा ५ प्रतिशत, सामान्यमा २७ प्रतिशत र निम्नमा २ प्रतिशत रहेको पाइन्छ। अनुच्छेद लेखनको शीर्षक विद्यार्थीको परिवेशसँग सम्बन्धित भएकाले विषयवस्तुको प्रयोग सन्तोषजनक पाइन्छ।

## ४.२ संरचनामा आधारमा

संरचनाका आधारमा कक्षा सातका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ३**

**संररचनाका आधारमा अनुच्छेद लेखन क्षमताको स्थिति**


| जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | १९ | १९ | ६ | ६ | ७१ | ७१ | ४ | ४ |

उपर्युक्त तालिकाका आधारमा उत्तममा १९ जना अर्थात् १९ प्रतिशत, मध्यममा ६ जना अर्थात् ६ प्रतिशत, सामान्यमा ७१ जना अर्थात् ७१ प्रतिशत र निम्नमा ४ जना अर्थात्

४ प्रतिशत रहेको पाइन्छ । संरचनाका आधारमा हेर्दा अनुच्छेद लेखन क्षमताको स्थिति सामान्य खालको रहेको पाइन्छ । खासगरी यस तहमा अध्ययन गर्ने विद्यार्थीहरुको अनुच्छेद लेखन ढाँचा सम्बन्धी ज्ञान कमजोर रहेको पाइन्छ । आदि, मध्य र अन्त्यको संयोजन उपयुक्त तरिकाले गर्न सकेका छैनन् तसर्थ अनुच्छेद लेखनको विकासका लागि भाषा पाठ्यक्रम तथा पाठ्य पुस्तक निर्माण गर्ने क्रममा यसलाई महत्त्वपूर्ण स्थान दिई पाठ्य पुस्तकमा अभ्यासका रूपमा समावेश गराउनु पर्ने देखिन्छ । संरचनाका आधारमा हेर्दा अनुच्छेद लेखन क्षमताको स्थिति सामान्य खालको मान्न सकिन्छ ।

माथिको तालिकालाई  वृत्तचित्रमा तल प्रस्तुत गरिएको छ :

**वृत्तचित्र ३**




**संररचनाका आधारमा अनुच्छेद लेखन क्षमताको अवस्था**

उपर्युक्त वृत्तचित्रका आधारमा उत्तममा १९ प्रतिशत, मध्यममा ६ प्रतिशत, सामान्यमा ७१ प्रतिशत र निम्नमा ४ प्रतिशत रहेको पाइन्छ । संरचनाका आधारमा हेर्दा अनुच्छेद लेखन क्षमताको स्थिति सामान्य खालको रहेको पाइन्छ ।

## ४.३ भाषाशैलीका आधारमा

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको भाषाशैलीका आधारमा अनुच्छेद लेखन क्षमताको स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४**


**भाषाशैलीका आधारमा अनुच्छेद लेखन क्षमताको स्थिति**

| जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | १४ | १४ | ८ | ८ | ७३ | ७३ | ५ | ५ |

उपर्युक्त तालिका अनुसार भाषाशैलीका आधारमा उत्तममा १४ जना अर्थात् १४ प्रतिशत, मध्यममा ८ जना अर्थात् ८ प्रतिशत, सामान्यमा ७३ जना अर्थात् ७३ प्रतिशत र निम्नमा ५ जना अर्थात् ५ प्रतिशत रहेको पाइन्छ । भाषाशैलीका आधारमा हेर्दा अनुच्छेद लेखन क्षमताको स्थिति सामान्य रहेको पाइन्छ । अनुच्छेद लेखन सम्बन्धी त्यति अभ्यास नगराइएका कारण विद्यार्थीहरुको लेखन शैली मिलेको पाइँदैन । शब्द प्रयोगका सन्दर्भमा शब्दको आवृत्ति देखिएको पाइन्छ । यसलाई हेर्दा उनीहरुको शब्द प्रयोग गर्ने क्षमता कमजोर पाइन्छ । त्यस कारण अनुच्छेद लेखन क्षमताको विकास गर्नका लागि बेला बेलामा निबन्ध, कथा, मनोवाद, दैनिकी, वादविवाद, चिठी तथा निवेदन जस्ता कार्यकलाप गराउनु पर्दछ ।

माथिको तालिकालाई वृत्तचित्रमा तल प्रस्तुत गरिएको छ :

**वृत्तचित्र ४**




**भाषाशैलीका आधारमा अनुच्छेद लेखन क्षमताको अवस्था**

उपर्युक्त वृत्तचित्र अनुसार भाषाशैलीका आधारमा उत्तममा १४ प्रतिशत, मध्यममा ८ प्रतिशत, सामान्यमा ७३ प्रतिशत र निम्नमा ५ प्रतिशत रहेको पाइन्छ । भाषाशैलीका आधारमा हेर्दा अनुच्छेद लेखन क्षमताको स्थिति सामान्य रहेको पाइन्छ ।

## ४.४ वर्ण विन्यासका आधारमा

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको वर्ण विन्यासका आधारमा अनुच्छेद लेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ५**


**वर्ण विन्यासका आधारमा अनुच्छेद लेखन क्षमताको स्थिति**

| जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | ९ | ९ | १० | १० | ५५ | ५५ | २६ | २६ |

उपर्युक्त तालिका अनुसार वर्ण विन्यासका आधारमा उत्तममा ९ जना अर्थात् ९ प्रतिशत, मध्यममा १० जना अर्थात् १० प्रतिशत, सामान्यमा ५५ जना अर्थात् ५५ प्रतिशत, र निम्नमा २६ जना अर्थात् २६ प्रतिशत रहेको छ । वर्णविन्यासका आधारमा अनुच्छेद लेखन क्षमताको स्थिति हेर्दा सामान्य खालको रहेको पाइन्छ । अनुच्छेद लेखनका क्रममा प्रयोग हुने लेख्य चिह्नहरुको स्थितिलाई हेर्दा धेरै जसो विद्यार्थीहरुले पूर्ण विराम गर्नुपर्ने ठाउँमा पनि अल्प विरामको प्रयोग गरेको पाइयो र चन्द्रविन्दु, शिरविन्दु र विभक्तिको प्रयोगमा पनि कमजोर रहेको पाइन्छ । तसर्थ विद्यार्थीलाई अनुलेखन, श्रुतिलेखन तथा कुनै घटना वा चित्र वर्णन गर्ने कार्य प्रशस्त मात्रामा गराउनुपर्ने देखिन्छ ।

यस कुरालाई वृत्तचित्रमा तल प्रस्तुत गरिएको छ :

**वृत्तचित्र ५**




**वर्ण विन्यासका आधारमा अनुच्छेद लेखन क्षमताको अवस्था**

उपर्युक्त वृत्तचित्र अनुसार वर्ण विन्यासका आधारमा उत्तममा ९ प्रतिशत, मध्यममा १० प्रतिशत, सामान्यमा ५५ प्रतिशत, र निम्नमा २६ प्रतिशत रहेको छ । वर्णविन्यासका आधारमा अनुच्छेद लेखन क्षमताको स्थिति हेर्दा सामान्य खालको रहेको पाइन्छ ।

# अध्याय पाँच

## सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलना

बझाङ जिल्ला कक्षा सातमा अध्ययनरत पाँच सामुदायिक विद्यालयका ५० जना विद्यार्थी र पाँच संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता के कति अन्तर छ भन्ने कुरालाई तुलनात्मक विश्लेषण गरिएको छ । जसमा सामुदायिक र संस्थागत विद्यालयको औसताङ्क हेर्न $\overline{X} = \frac{\Sigma X}{N}$ को सूत्र प्रयोग गरी निकालिएको अन्तरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ६**


**विद्यालय प्रकृतिका आधारमा अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति**

<table>
<tr><th>तुलनात्मक समुह</th><th>विद्यार्थी सङ्ख्या</th><th>जम्मा प्राप्ताङ्क</th><th>प्रतिशताङ्क</th><th>समग्र प्रतिशताङ्क</th><th>औसताङ्क</th><th>समग्र औसताङ्क</th></tr>
<tr><td>सामुदायिक</td><td>५०</td><td>२६००</td><td>५२.०</td><td rowspan="2">५२.१</td><td>५२.०</td><td rowspan="2">५२.१</td></tr>
<tr><td>संस्थागत</td><td>५०</td><td>२६१०</td><td>५२.२</td><td>५२.२</td></tr>
</table>

उक्त तुलनात्मक अध्ययनमा सामुदायिक विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता संस्थागत विद्यालयका विद्यार्थीको भन्दा कमजोर देखिन्छ । जसमा सामुदायिक विद्यालयका जम्मा ५० जना विद्यार्थीको प्राप्ताङ्क २६०० रहेको छ भने उनीहरुको औषताङ्क ५२.० रहेको छ । त्यसै गरी संस्थागत विद्यालका जम्मा ५० जना विद्यार्थीहरुको प्राप्ताङ्क २६०० रहेको छ भने औसताङ्क ५२.२ रहेको छ ।

यसरी दुवै तथ्याङ्कलाई विश्लेषण गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको सामुदायिक विद्यालयका विद्यार्थीको भन्दा बढी प्राप्ताङ्क भएकाले सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको अनुच्छेद लेखन क्षमताको राम्रो देखिन्छ ।

स्तम्भ चित्र १




**विद्यालय प्रकृतिका आधारमा अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति**

माथिको स्तम्भ चित्र अनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता संस्थागत विद्यालयका विद्यार्थीको भन्दा कमजोर देखिन्छ । जसमा सामुदायिक विद्यालयका औषताङ्क ५२.० रहेको छ भने औसताङ्क ५२.२ रहेको छ ।

विद्यालय प्रकृतिका आधारमा अनुच्छेद लेखन क्षमता विश्लेषण गर्दा अपनाइएका तत्वहरु विषय वस्तु, भाषाशैली संरचना र वर्ण विन्यासमा व्यक्त भएको आधारमा नै यसको तुलना गरिएको छ । उक्त तत्वको पनि उत्तम, मध्यम, सामान्य र निम्न गरी चारवटा श्रेणीमा मूल्याङ्कन गरेर प्रत्येकको छुट्टा छुट्टै तालिका देखाई तुलना गरिएको छ ।

## ५.१ विषय वस्तुको आधारमा

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन निम्नानुसार गरिएको छ :


**तालिका ७**

**विषय वस्तुका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति**

| समुह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ५० | ३४ | ६८ | २ | ४ | १४ | २८ | - | - |
| संस्थागत | ५० | ३२ | ६४ | ३ | ६ | १३ | २६ | २ | ४ |

उपर्युक्त तालिका अनुसार सामुदायिक विद्यालयमा उत्तममा ३४ जना अर्थात् ६८ प्रतिशत, मध्यममा २ अर्थात् ४ प्रतिशत, सामान्यमा १४ जना अर्थात् २८ प्रतिशत र निम्नमा शून्य रहेको छ भने संस्थागत तर्फ उत्तममा ३२ जना अर्थात् ६४ प्रतिशत, मध्यममा ३ जना अर्थात् ६ प्रतिशत, सामान्यमा १३ जना अर्थात् २६ प्रतिशत र निम्नमा २ जना अर्थात् ४ प्रतिशत रहेको पाइन्छ । समग्रमा संस्थागत विद्यालयको नतिजा राम्रो देखिए तापनि प्रतिशतका आधारमा हेर्दा सामुदायिक विद्यालयको नतिजा राम्रो देखिन्छ । विद्यार्थीहरुको विषय वस्तुका आधारमा अनुच्छेद लेखन क्षमता मध्यम खालको पाइन्छ । संस्थागत विद्यालयका विद्यार्थीको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीको नतिजा राम्रो देखिन्छ । संस्थागत भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुमा मौलिकता, सिर्जनात्मकता जस्ता पक्षहरु राम्रो देखिन्छन् भने संस्थागत तर्फ कण्ठ गर्ने बानी भएकाले विद्यार्थीमा मौलिकता र सिर्जनात्मताको कमी देखिन्छ । बेला बेलामा कक्षागत, तहगत वा विद्यालय स्तरीय अनुच्छेद लेखन प्रतिवेदन सञ्चालन गरी विद्यार्थीहरुमा अनुच्छेद लेखनमा प्रेरणा प्रदान गर्नु पर्दछ ।

**स्तम्भ चित्र २**




**विषय वस्तुका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति**

उपर्युक्त स्तम्भ चित्र अनुसार सामुदायिक विद्यालयमा उत्तममा ६८ प्रतिशत, मध्यममा ४ प्रतिशत, सामान्यमा २८ प्रतिशत र निम्नमा शून्य रहेको छ भने संस्थागत तर्फ उत्तममा ६४ प्रतिशत, मध्यममा ६ प्रतिशत, सामान्यमा २६ प्रतिशत र निम्नमा ४ प्रतिशत रहेको पाइन्छ । समग्रमा संस्थागत विद्यालयको नतिजा राम्रो देखिए तापनि प्रतिशतका आधारमा हेर्दा सामुदायिक विद्यालयको नतिजा राम्रो देखिन्छ ।

## ५.२ संरचनाका आधारमा

कक्षा सातमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको संरचनाका आधारमा अनुच्छेद लेखन क्षमताको तुलना निम्न तालिकाबाट देखाउन सकिन्छ :


## तालिका ८

## संरचनाका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति

| समुह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ५० | १३ | २६ | २ | ४ | ३१ | ६२ | ४ | ८ |
| संस्थागत | ५० | ६ | १२ | ४ | ८ | ४० | ८० | - | - |

उपर्युक्त तालिका अनुसार सामुदायिक विद्यालयमा उत्तममा १३ जना अर्थात् २६ प्रतिशत, मध्यममा २ जना अर्थात् ४ प्रतिशत, सामान्यमा ३१ जना अर्थात् ६२ प्रतिशत र निम्नमा ४ जना अर्थात् ८ प्रतिशत रहेको पाइन्छ भने संस्थागत तर्फ उत्तममा ६ जना अर्थात् १२ प्रतिशत, मध्यममा ४ जना अर्थात् ८ प्रतिशत, सामान्यमा ४० जना अर्थात् ८० प्रतिशत र निम्नमा शून्यको स्थिति रहेको पाइन्छ। संरचनाका आधारमा हेर्दा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको नतिजा समान खालको देखिन्छ । खासगरी विद्यार्थीहरुमा आदि, मध्य र अन्त्यको संयोजन गर्ने क्षमताको कमी देखिन्छ। यसको लागि ती पक्षको यथेष्ट जानकारी विद्यार्थीहरुलाई गराउनु पर्ने देखिन्छ।

### स्तम्भ चित्र ३




**संरचनाका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति**

उपर्युक्त स्तम्भ चित्र अनुसार सामुदायिक विद्यालयमा उत्तममा २६ प्रतिशत, मध्यममा ४ प्रतिशत, सामान्यमा ६२ प्रतिशत र निम्नमा ८ प्रतिशत रहेको पाइन्छ भने संस्थागत तर्फ उत्तममा १२ प्रतिशत, मध्यममा ८ प्रतिशत, सामान्यमा ८० प्रतिशत र निम्नमा शून्यको स्थिति रहेको पाइन्छ। संरचनाका आधारमा हेर्दा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको नतिजा समान खालको देखिन्छ।

## ५.३ भाषाशैलीका आधारमा

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको भाषाशैलीका आधारमा अनुच्छेद लेखन क्षमताको तुलना निम्न तालिकामा गरिएको छ :

**तालिका ९**

**भाषाशैलीका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति**


| समुह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ५० | ९ | १८ | ४ | ८ | ३५ | ७० | २ | ४ |
| संस्थागत | ५० | ५ | १० | ४ | ८ | ३९ | ७८ | २ | ४ |

उपर्युक्त तालिका अनुसार भाषाशैलीका आधारमा सामुदायिक विद्यालयका उत्तममा ९ जना अर्थात् १८ प्रतिशत, मध्यममा ४ जना अर्थात् ८ प्रतिशत, सामान्यमा ३५ जना अर्थात् ७० प्रतिशत र निम्नमा २ जना अर्थात् ४ प्रतिशत रहेको पाइन्छ भने संस्थागत तर्फ उत्तममा ५ जना अर्थात् १० प्रतिशत, मध्यममा ४ जना अर्थात् ८ प्रतिशत, सामान्यमा ३९ जना अर्थात् ७८ प्रतिशत र निम्नमा २ जना अर्थात् ४ प्रतिशत रहेको पाइन्छ।

यसरी भाषाशैलीका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको तुलना गर्दा खासै अन्तर देखिँदैन। विद्यार्थीहरुको शब्द प्रयोगका सन्दर्भमा शब्दको आवृत्ति देखिएको छ। भाषिक शुद्धता, शब्द प्रयोग, वाक्य प्रयोग, व्याकरणगत ज्ञानको कमी

देखिन्छ । यसको लागि आफूले देखेका र अनुभव गरेका कुराहरु लेख्ने कार्यमा विद्यार्थीहरुलाई अग्रसर गराउनु पर्ने हुन्छ ।

**स्तम्भ चित्र ४**




**भाषाशैलीका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति**

उपर्युक्त स्तम्भ चित्र अनुसार भाषाशैलीका आधारमा सामुदायिक विद्यालयका उत्तममा १८ प्रतिशत, मध्यममा ८ प्रतिशत, सामान्यमा ७० प्रतिशत र निम्नमा ४ प्रतिशत रहेको पाइन्छ भने संस्थागत तर्फ उत्तममा १० प्रतिशत, मध्यममा ८ प्रतिशत, सामान्यमा ७८ प्रतिशत र निम्नमा ४ प्रतिशत रहेको पाइन्छ ।

## ५.४ वर्णविन्यासका आधारमा

कक्षा सातमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको वर्ण विन्यासका आधारमा अनुच्छेद लेखन क्षमताको तुलनालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

### तालिका १०


### वर्णविन्यासका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति

| समुह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ५० | २ | ४ | ८ | १६ | २८ | ५६ | १२ | २४ |
| संस्थागत | ५० | ६ | १२ | २ | ४ | ३० | ६० | १२ | २४ |

उपर्युक्त तालिका अनुसार वर्ण विन्यासका आधारमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुमा उत्तममा २ जना ४ प्रतिशत, मध्यममा ८ जना अर्थात् १६ प्रतिशत, सामान्यमा २८ जना ५६ प्रतिशत र निम्नमा १२ जना अर्थात् २४ प्रतिशत रहेको छ भने संस्थागत तर्फ उत्तममा ६ जना अर्थात् १२ प्रतिशत, मध्यममा २ जना अर्थात् ४ प्रतिशत, सामान्यमा ३० जना अर्थात् ६० प्रतिशत, र निम्नमा १२ जना अर्थात् २४ प्रतिशत रहेको पाइन्छ ।

वर्ण विन्यासका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुमा खासै अन्तर देखिँदैन तापनि सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको नतिजा राम्रो देखिन्छ । खासगरी विद्यार्थीहरुमा व्याकरणगत, कर्ता, कर्म र क्रियाको प्रयोग सम्बन्धी, ह्रस्व-दीर्घ सम्बन्धी, पदयोग-पदवियोग सम्बन्धी, आदरार्थी र लिङ्ग, वचन, पुरुष, काल भाव आदिको प्रयोग सम्बन्धी समस्या देखिन्छ । यसको लागि समय-समयमा अनुलेखन, श्रुतिलेखन, तथा कुनै घटना वा चित्र वर्णन गर्ने कार्य प्रशस्त मात्रामा गराउनु पर्ने हुन्छ ।

**स्तम्भ चित्र ५**




**वर्णविन्यासका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति**

उपर्युक्त स्तम्भ चित्र अनुसार वर्ण विन्यासका आधारमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुमा उत्तममा ४ प्रतिशत, मध्यममा १६ प्रतिशत, सामान्यमा ५६ प्रतिशत र निम्नमा २४ प्रतिशत रहेको छ भने संस्थागत तर्फ उत्तममा १२ प्रतिशत, मध्यममा ४ प्रतिशत, सामान्यमा ६० प्रतिशत, र निम्नमा २४ प्रतिशत रहेको पाइन्छ ।

# अध्याय छ

## लैङ्गिकताका आधारमा छात्र र छात्राको अनुच्छेद लेखन क्षमताको तुलना

बझाङ जिल्ला कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन गर्ने क्रममा पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीमा छात्र ५० र छात्रा ५० जना रहेको पाइन्छ । जसमा छात्रहरुको जम्मा प्राप्ताङ्क २६९० रहेको छ भने छात्राहरुको जम्मा प्राप्ताङ्क २५२० रहेको छ ।

जस अनुसार छात्रहरुको औसताङ्क

$$\overline{X} = \frac{\Sigma X}{N}$$

$$\overline{X} = \frac{२६९०}{५०}$$

$$\overline{X} = ५३.८$$

त्यसैगरी,

छात्राहरुको औसताङ्क

$$\overline{X} = \frac{\Sigma X}{N}$$

$$\overline{X} = \frac{२५२०}{५०}$$

$$\overline{X} = ५०.४$$


### तालिका ११

### समग्र छात्र र छात्राको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति

| तुलनात्मक समुह | विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | प्रतिशताङ्क | समग्र प्रतिशताङ्क | औसताङ्क | समग्र औसातङ्क |
|---|---|---|---|---|---|---|
| छात्र | ५० | २६९० | ५३.८ | ५२.१ | ५३.८ | ५२.१ |
| छात्रा | ५० | २५२० | ५०.४ | | ५०.४ | |

उपर्युक्त तालिका अनुसार छात्रहरु ५० जनाको जम्मा प्राप्ताङ्क २६९० रहेको छ । तालिका अनुसार छात्रहरुको औसताङ्क ५३.८ रहेको पाइन्छ भने छात्राहरुको जम्मा सङ्ख्या ५० जनामा जम्मा प्राप्ताङ्क २५२० रहेको पाइन्छ । जसमा छात्राहरुको औषताङ्क ५०.४ रहेको पाइन्छ । यस तथ्याङ्कलाई विश्लेषण गर्दा समग्रमा छात्रहरुको प्राप्ताङ्क र औसताङ्क छात्राहरुको भन्दा बढी रहेको पाइन्छ ।

**स्तम्भ चित्र ६**




**समग्र छात्र र छात्राको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति**

उपर्युक्त स्तम्भ चित्र अनुसार छात्रहरुको औषताङ्क ५३.८ रहेको पाइन्छ भने छात्राहरुको औषताङ्क ५०.४ रहेको पाइन्छ । यस तथ्याङ्कलाई विश्लेषण गर्दा समग्रमा छात्रहरुको प्राप्ताङ्क र औसताङ्क छात्राहरुको भन्दा बढी रहेको पाइन्छ ।

## ६.१ विषय वस्तुका आधारमा

कक्षा सातमा अध्ययनरत छात्र र छात्राको विषय वस्तुका आधारमा अनुच्छेद लेखन क्षमताको तुलना निम्न तालिकामा प्रस्तुत गरिएको छ :


## तालिका १२

**विषय वस्तुका आधारमा छात्र र छात्राको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति**

| समुह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | ५० | ३७ | ७४ | २ | ४ | ११ | २२ | – | – |
| छात्रा | ५० | ३१ | ६२ | २ | ४ | १५ | ३० | २ | ४ |

उपर्युक्त तालिका अनुसार छात्र सङ्ख्या ५० जना रहेकोमा उत्तममा ३७ जना अर्थात् ७४ प्रतिशत, मध्यममा २ जना अर्थात् ४ प्रतिशत, सामान्यमा ११ जना अर्थात् २२ प्रतिशत र निम्नमा शून्य रहेको पाइन्छ भने छात्रा सङ्ख्या ५० जना रहेकोमा उत्तममा ३१ जना अर्थात् ६२ प्रतिशत, मध्यममा २ जना अर्थात् ४ प्रतिशत, सामान्यमा १५ जना अर्थात् ३० प्रतिशत र निम्नमा २ जना अर्थात् ४ प्रतिशत रहेको पाइन्छ । यस तथ्याङ्कलाई विश्लेषण गर्दा छात्र र छात्राको प्राप्ताकमा खासै अन्तर देखिदैन । तापनि छात्राहरु भन्दा छात्रहरुमा मौलिकता र सिर्जनात्मक क्षमता राम्रो देखिन्छ । खास गरी विद्यार्थीहरुमा अनुच्छेद लेखन सम्बन्धी त्यति अभ्यास नगराइएको पाइन्छ । जसको कारण लेखाइमा स्पष्ट विचार दिन नसकेको, विषयको क्रम भङ्गता रहेको र लेखन शैली नमिलेको पाइन्छ । यसका लागि पाठ्य पुस्तकमा अनुच्छेद लेखन सम्बन्धी प्रशस्त मात्रामा अभ्यास गराउने मौका प्रदान गरिनु पर्ने देखिन्छ ।

**स्तम्भ चित्र ७**




**विषय वस्तुका आधारमा छात्र र छात्राको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति**

उपर्युक्त स्तम्भ चित्र अनुसार छात्र सङ्ख्या ५० जना रहेकोमा उत्तममा ७४ प्रतिशत, मध्यममा ४ प्रतिशत, सामान्यमा २२ प्रतिशत र निम्नमा शून्य रहेको पाइन्छ भने छात्रा सङ्ख्या ५० जना रहेकोमा उत्तममा ६२ प्रतिशत, मध्यममा ४ प्रतिशत, सामान्यमा ३० प्रतिशत र निम्नमा ४ प्रतिशत रहेको पाइन्छ । यस तथ्याङ्कलाई विश्लेषण गर्दा छात्र र छात्राको प्राप्ताकमा खासै अन्तर देखिदैन ।

## ६.२ संरचनाका आधारमा

कक्षा सातमा अध्ययनरत छात्रा र छात्राको संरचनाका आधारमा अनुच्छेद लेखन क्षमताको तुलना निम्न तालिकामा गरिएको छ :


**तालिका १३**

**संरचनाका आधारमा छात्र र छात्राको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति**

| समुह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ५० | ९ | १८ | ४ | ८ | ३६ | ७२ | १ | २ |
| संस्थागत | ५० | ९ | १८ | २ | ४ | ३६ | ७२ | ३ | ६ |

उपर्युक्त तालिकालाई विश्लेषण गर्दा छात्रको उत्तममा ९ जना अर्थात् १८ प्रतिशत, मध्यममा ४ जना अर्थात् ८ प्रतिशत, सामान्यमा ३६ जना अर्थात् ७२ प्रतिशत र निम्नमा १ जना अर्थात् २ प्रतिशत रहेको पाइन्छ भने छात्राको उत्तममा ९ जना अर्थात् १८ प्रतिशत, मध्यममा २ जना अर्थात् ४ प्रतिशत सामान्यमा ३६ जना अर्थात् ७२ प्रतिशत र निम्नमा ३ जना अर्थात् ६ प्रतिशत रहेको पाइन्छ । उक्त तथ्याङ्कलाई आधार मान्दा छात्र र छात्राको अनुच्छेद लेखन क्षमतामा खासै अन्तर देखिदैन । तापनि छात्रहरुमा छात्राहरु भन्दा आदि, मध्य र अन्त्यको संयोजन गर्ने क्षमता राम्रो देखिन्छ । अनुच्छेद लेख्दा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको देखिँदैन । मिले पनि आदि, मध्य र अन्त्य भागमा कुन विषय वस्तु समावेश गर्ने भन्ने कुराको समस्या देखिन्छ । यसको लागि विद्यार्थीलाई अनुच्छेद लेखन सम्बन्धी आधारभूत कुराको प्रशस्त अभ्यास गराउनु पर्ने देखिन्छ ।

स्तम्भ चित्र ८




**संरचनाका आधारमा छात्र र छात्राको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति**

उपर्युक्त स्तम्भ चित्रलाई विश्लेषण गर्दा छात्रको उत्तममा १८ प्रतिशत, मध्यममा ८ प्रतिशत, सामान्यमा ७२ प्रतिशत र निम्नमा २ प्रतिशत रहेको पाइन्छ भने छात्राको उत्तममा १८ प्रतिशत, मध्यममा ४ प्रतिशत सामान्यमा ७२ प्रतिशत र निम्नमा ६ प्रतिशत रहेको पाइन्छ । उक्त तथ्याङ्कलाई आधार मान्दा छात्र र छात्राको अनुच्छेद लेखन क्षमतामा खासै अन्तर देखिदैन ।

## ६.३ भाषाशैलीका आधारमा

कक्षा सातमा अध्ययनरत छात्र र छात्राहरुको भाषाशैलीका आधारमा अनुच्छेद लेखन क्षमताको तुलना निम्न तालिकामा गरिएको छ :


**तालिका १४**

**भाषाशैलीका आधारमा छात्र र छात्राको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति**

| समुह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | ५० | ६ | १२ | ५ | १० | ३७ | ७४ | २ | ४ |
| छात्रा | ५० | ७ | १४ | ३ | ६ | ३९ | ७८ | १ | २ |

उपर्युक्त तालिकालाई विश्लेषण गर्दा छात्रको उत्तममा छ जना अर्थात् १२ प्रतिशत, मध्यममा ५ जना अर्थात् १० प्रतिशत सामान्यमा ३७ जना अर्थात् ७४ प्रतिशत र निम्नमा २ जना अर्थात् ४ प्रतिशत रहेको पाइन्छ भने छात्रातर्फ उत्तममा ७ जना अर्थात् १४ प्रतिशत, मध्यममा ३ जना अर्थात् ६ प्रतिशत, सामान्यमा ३९ जना अर्थात् ७८ प्रतिशत र निम्नमा १ जना अर्थात् २ प्रतिशत रहेको पाइन्छ । उक्त तथ्याङ्कको तुलनात्मक विश्लेषण गर्दा छात्रा केही मात्रामा अगाडि देखिए पनि छात्र पनि उस्तै-उस्तै रूपमा अघि बढेको देखिन्छ । यसबाट छात्र र छात्राको दुवैको भाषाशैली व्यक्त गर्ने तरिका सामान्य देखिन्छ । छात्राहरु भन्दा छात्रहरुमा शब्द प्रयोग गर्ने र खेलाउने क्षमता राम्रो भएपनि दुबैमा शब्द प्रयोगका सम्बन्धमा शब्दको आवृत्ति देखिन्छ । स्तरीय र मानक भाषाको समस्या रहेको देखिन्छ । त्यस्तै व्याकरणगत कर्ता, कर्म र क्रिया सम्बन्धी समस्या रहेको पाइन्छ । यसका लागि नेपाली भाषाको शुद्ध, स्पष्ट र स्तरीय प्रयोग गर्न प्रेरित गरी पृष्ठपोषण र सुझाबहरु पेश गर्नु पर्दछ ।

**स्तम्भ चित्र ९**




**भाषाशैलीका आधारमा छात्र र छात्राको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति**

उपर्युक्त स्तम्भ चित्रलाई विश्लेषण गर्दा छात्रको उत्तममा १२ प्रतिशत, मध्यममा १० प्रतिशत सामान्यमा ७४ प्रतिशत र निम्नमा ४ प्रतिशत रहेको पाइन्छ भने छात्रातर्फ

उत्तममा १४ प्रतिशत, मध्यममा ६ प्रतिशत, सामान्यमा ७८ प्रतिशत र निम्नमा २ प्रतिशत रहेको पाइन्छ । उक्त तथ्याङ्कको तुलनात्मक विश्लेषण गर्दा छात्रा केही मात्रामा अगाडि देखिए पनि छात्र पनि उस्तै-उस्तै रूपमा अघि बढेको देखिन्छ ।

## ६.४ वर्ण विन्यासका आधारमा

कक्षा सातमा अध्ययनरत छात्र र छात्राको वर्ण विन्यासका आधारमा अनुच्छेद लेखन क्षमताको तुलना निम्न तालिकामा प्रस्तुत गरिएको छ :


**तालिका १५**

**वर्ण विन्यासका आधारमा छात्र र छात्राको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति**

| समुह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | ५० | ६ | १२ | ४ | ८ | २९ | ५८ | ११ | २२ |
| छात्रा | ५० | ३ | ६ | ६ | १२ | २७ | ५४ | १४ | २८ |

उपर्युक्त तालिकालाई विश्लेषण गर्दा छात्राको उत्तममा ६ जना अर्थात् १२ प्रतिशत, मध्यममा ४ जना अर्थात् ८ प्रतिशत, सामान्यमा २९ जना अर्थात् ५८ प्रतिशत र निम्नमा ११ जना अर्थात् २२ प्रतिशत रहेको छ भने छात्राको उत्तममा ३ जना अर्थात् ६ प्रतिशत, मध्यममा ६ जना अर्थात् १२ प्रतिशत, सामान्यमा २७ जना अर्थात् ५४ प्रतिशत र निम्नमा १४ जना अर्थात् २८ प्रतिशत रहेको पाइन्छ । उक्त तथ्याङ्कको तुलनात्मक विश्लेषण गर्दा छात्र र छात्राको अनुच्छेद लेखन क्षमतामा खासै अन्तर रहेको देखिदैन । यसबाट छात्र र छात्राका दुवैको वर्ण विन्यासको प्रयोग सामान्य खालको रहेको पाइन्छ । तापनि वर्ण विन्यासको प्रयोगमा छात्राहरु भन्दा छात्रहरु केही मात्रामा अगाडि देखिन्छन् । खासगरी लेख्य चिह्नहरुको प्रयोग, पदयोग-पद वियोग सम्बन्धी, ह्रस्व-दीर्घ सम्बन्धी, लिङ्ग, वचन, पुरुष, काल, भाव आदिको प्रयोग सम्बन्धी समस्या देखिन्छ । यसको समाधानका निमित्त विभिन्न पाठ्य सामग्रीहरु पढ्न लगाई वर्ण विन्यास सम्बन्धी अभ्यास गराउनु पर्ने हुन्छ ।

स्तम्भ चित्र १०




**वर्ण विन्यासका आधारमा छात्र र छात्राको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति**

उपर्युक्त स्तम्भ चित्रलाई विश्लेषण गर्दा छात्राको उत्तममा १२ प्रतिशत, मध्यममा ८ प्रतिशत, सामान्यमा ५८ प्रतिशत र निम्नमा २२ प्रतिशत रहेको छ भने छात्राको उत्तममा ६ प्रतिशत, मध्यममा १२ प्रतिशत, सामान्यमा ५४ प्रतिशत र निम्नमा २८ प्रतिशत रहेको पाइन्छ । उक्त तथ्याङ्कको तुलनात्मक विश्लेषण गर्दा छात्र र छात्राको अनुच्छेद लेखन क्षमतामा खासै अन्तर रहेको देखिदैन ।

**अध्याय– सात**

# सारांश, निष्कर्ष र उपादेयता

## ७.१ सारांश

कुनै शीर्षकमा निहित भावको स्वतन्त्र रूपमा संक्षिप्त विस्तार गर्नु नै अनुच्छेद लेखन हो । लेखन क्षमताको विकास गराउन अनुच्छेद लेखन पनि एक महत्त्वपूर्ण माध्यमका रूपमा लिइन्छ ।

प्रस्तुत अध्ययनमा बझाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता पत्ता लगाउन यो अध्ययन कार्य गरिएको छ । यस अध्ययनका उद्देश्यहरु कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता पहिल्याउन र विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलनात्मक विश्लेषण गर्नु जस्ता उद्देश्यहरु राखिएका छन् ।

कक्षा सातमा अध्ययनरत विद्यार्थीको अनुच्छेद लेखन क्षमताको अध्ययन गर्दा अध्याय एक देखि अध्याय पाँचसम्म लम्बाइएको छ । अध्याय एकमा शोध परिचय, अध्ययनको पृष्ठभूमि, समस्याकथन, उद्देश्य, अध्ययनको सान्दर्भिकता र रूपरेखा उल्लेख गरिएको छ । अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन, सैद्धान्तिक परिचय, अनुच्छेद लेखनको प्रयोजन, ढाँचा, प्रकार, अनुच्छेद लेख्ने तरिका, विधि र प्रक्रिया, आवश्यकता आदि उल्लेख गरिएको छ । अध्याय तिनमा अध्ययन विधि र प्रक्रिया, तथ्याङ्क सङ्कलन, व्याख्या, विश्लेषण आदि प्रस्तुत गरिएको छ । अध्याय चारमा व्याख्या र विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययन बझाङ जिल्लाका कक्षा सातमा अध्ययनरत पाँच सामुदायिक र पाँच संस्थागत गरी जम्मा १० वटा विद्यालयका १०० जना विद्यार्थीहरुलाई नमुनाका रूपमा छनोट गरी अध्ययन गरिएको छ । सामुदायिक विद्यालयका ५० जना र संस्थागत विद्यालयका ५० जना मध्ये लैङ्गिकताका आधारमा छात्र ५० र छात्रा ५० विद्यार्थीहरुमा अनुच्छेद लेख्न लगाई अध्ययनलाई अगाडि बढाइएको छ । उक्त कार्यपछि तथ्याङ्कीय विश्लेषणबाट प्राप्त परिणामका आधारमा समग्र विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन गर्दा नतिजा मध्यम खालको देखिन्छ । विद्यालय प्रकृतिको आधारमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन राम्रो देखिन्छ भने

लैङ्गिकताका आधारमा छात्र र छात्राको तुलनात्मक विश्लेषण गर्दा छात्राको भन्दा छात्रको अनुच्छेद लेखन क्षमता राम्रो देखिन्छ ।

अतः बझाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता मध्यम खालको पाइन्छ ।

## ७.२ निष्कर्ष

उपर्युक्त अध्ययनमा बझाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन गरिएको यस शोध कार्यमा विभिन्न खोज र अनुसन्धानको क्रममा प्राप्त गरेका परिणामको व्याख्या र विश्लेषणको आधारमा निष्कर्ष निकालिएको छ ।

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन गर्दा नतिजा मध्यम खालको देखिन्छ । विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन विषय वस्तु, संरचना, भाषाशैली र वर्ण विन्यासका आधारमा अध्ययन गरिएको छ । समग्रमा भन्नुपर्दा विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको स्थिति सन्तोषजनक नभएकाले यसका लागि शिक्षक तथा विद्यार्थी दुवै पक्षले मेहनत गर्नुपर्ने देखिन्छ ।

अनुच्छेद लेखनलाई सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको विषय वस्तु, भाषाशैली, संरचना र वर्ण विन्यास आदिका आधारमा अनुच्छेद लेखन क्षमताको पहिचान गर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालय नै अगाडि देखिए तापनि खासै धेरै अङ्कको वा प्रतिशतको भिन्नता देखिँदैन ।

लैङ्गिकताका आधारमा छात्र र छात्राको अनुच्छेद लेखन क्षमतालाई पनि विषय वस्तु, संरचना, भाषाशैली र वर्ण विन्यासका आधारमा अध्ययन गरिएको छ । छात्रा र छात्राको अनुच्छेद लेखन क्षमताको तुलना गर्दा छात्रा भन्दा छात्र अगाडि देखिन्छन् ।

बझाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको अनुच्छेद लेखन क्षमताको अध्ययन गरी विद्यार्थीको अङ्क प्रतिशत उल्लेख गरिएको छ । समग्रमा हेर्दा विषय वस्तु, संरचना, भाषाशैली र वर्ण विन्यास सामान्य खालको देखिन्छ । उमेर र तहगत स्तर तल्लो भएकाले सामान्य खालको देखिएको हो । सामुदायिक र संस्थागत मध्ये संस्थागत विद्यालय नै अगाडि देखिन्छ । त्यस्तै लैङ्गिकताका आधारमा छात्र र छात्राको अनुच्छेद लेखन क्षमताको तुलना गर्दा छात्रा भन्दा छात्रको अनुच्छेद लेखन राम्रो देखिन्छ ।

समग्रमा माथि उल्लेखित कुराहरुलाई निम्न लिखित बुँदाहरुमा प्रस्तुत गरिएको छ :

- बझाङ जिल्लाका कक्षा सातमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको औसताङ्क ५२.१ रहेको पाइन्छ । यसलाई हेर्दा विद्यार्थीको अनुच्छेद लेखन क्षमता मध्यम खालको देखिन्छ ।

- विषय वस्तुका दृष्टिले उत्तममा ६६ प्रतिशत, मध्यममा ५ प्रतिशत, सामान्यमा २७ प्रंतिशत र निम्नमा २ प्रतिशत रहेको पाइन्छ । यसका आधारमा अनुच्छेद लेखन क्षमता उत्तम रहेको पाइन्छ । उनीहरुको स्तर र तह अनुसार विषय वस्तो प्रयोग राम्रो देखिन्छ । तल्लो तहदेखि यस कार्यमा उपयुक्त तरिकाले अभ्यास गराउनु पर्ने हुन्छ ।

- संरचनाका दृष्टिले उत्तममा १९ प्रतिशत, मध्यममा ६ प्रतिशत, सामान्यमा ७१ प्रतिशत र निम्नमा ४ प्रतिशत रहेको पाइन्छ । उपर्युक्त तथ्याङ्कलाई आधार मान्दा अनुच्छेद लेखन क्षमता सामान्य खालको रहेको पाइन्छ । आदि, मध्य र अन्त्यको संयोजन उपयुक्त तरिकाले गर्न नसकेका कारण सामान्य खालको नतिजा प्राप्त भएको छ ।

- भाषाशैलीका आधारमा उत्तममा १४ प्रतिशत, मध्यममा ८ प्रतिशत, सामान्यमा ७३ प्रतिशत र निम्नमा ५ प्रतिशत रहेको पाइन्छ । भाषाशैलीका आधारमा अनुच्छेद लेखन क्षमता सामान्य रहेको पाइन्छ । उपयुक्त ठाउँमा उपयुक्त शब्दको प्रयोग गर्न सकिएको छैन, त्यसकारण अनुच्छेद लेखन क्षमता कमजोर देखिन्छ ।

- वर्ण विन्यासका आधारमा उत्तममा ९ प्रतिशत, मध्यममा १० प्रतिशत, सामान्यमा ५५ प्रतिशत र निम्नमा २६ प्रतिशत रहेको पाइन्छ । वर्ण विन्यासलाई हेर्दा अनुच्छेद लेखन क्षमता सामान्य खालको रहेको पाइन्छ । ह्रस्व-दीर्घ सम्बन्धी, पदयोग-पदवियोग सम्बन्धी, व्याकरण सम्बन्धी समस्याका कारण नतिजा सामान्य रहेको पाइन्छ ।

- विद्यालय प्रकृतिका आधारमा गणितीय तथ्याङ्कलाई आधार मानेर विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुको प्रतिशताङ्क ५२.० र संस्थागत विद्यालयका विद्यार्थीहरुको प्रतिशताङ्क ५२.२ रहेको छ । यसरी तुलनात्मक

रूपमा विश्लेषण गर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता राम्रो देखिन्छ ।

- विषय वस्तुका दृष्टिले संस्थागत भन्दा सामुदायिक विद्यालयको उत्तममा ४ प्रतिशत, मध्यममा २ प्रतिशत, सामान्यमा २ प्रतिशतले अगाडि देखिन्छ भने निम्नमा संस्थागत विद्यालय ४ प्रतिशतले अगाडि पाइन्छ । विषयको प्रस्तुतीका क्रममा सामुदायिक विद्यालयका विद्यार्थीको मौलिक र सिर्जनात्मक क्षमता राम्रो भएका कारण संस्थागतको भन्दा नतिजा राम्रो पाइन्छ ।
- संरचनाका दृष्टिले संस्थागत भन्दा सामुदायिक विद्यालयको उत्तममा १४ प्रतिशत र निम्नमा ८ प्रतिशत अङ्क बढी रहेको छ भने मध्यममा ४ प्रतिशत र सामान्यमा १८ प्रतिशत अङ्क संस्थागत विद्यालयको राम्रो देखिन्छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको नतिजामा खासै अन्तर पाइँदैन । अनुच्छेद लेखनका क्रममा आदि, मध्य र अन्त्यको संयोजनमा त्रुटि रहेका कारण नतिजा सामान्य देखिन्छ ।
- भाषाशैलीका दृष्टिले उत्तममा ८ प्रतिशतले सामुदायिक विद्यालयको नतिजा राम्रो देखिन्छ भने मध्यममा र निम्नमा  समान रहेको छ भने सामान्यमा संस्थागत विद्यालयको नतिजा राम्रो देखिन्छ । भाषाशैलीका आधारमा सामुदायिक र संस्थागत विद्यालयको नतिजामा त्यति फरक पाइँदैन । संस्थागतको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीको भाषिक शुद्धता, लेखन शैली, मौलिकता जस्ता पक्षमा नतिजा राम्रो देखिन्छ ।
- वर्ण विन्यासका आधारमा सामुदायिक विद्यालयतर्फ उत्तममा ४ प्रतिशत, मध्यममा १६ प्रतिशत, सामान्यमा ५६ प्रतिशत र निम्नमा २४ प्रतिशत रहेको पाइन्छ रहेको पाइन्छ भने संस्थागत तर्फ उत्तममा १२ प्रतिशत, मध्यममा ४ प्रतिशत, सामान्यमा ६० प्रतिशत र निम्नमा २४ प्रतिशत रहेको पाइन्छ । वर्ण विन्यासका आधारमा सामुदायिक र संस्थागत विद्यालयको नतिजा लगभग समान प्रकृतिको रहेको छ । विद्यार्थीको अनुच्छेद लेखनका क्रममा ह्रस्व-दीर्घ नमिलाउनुका साथै चन्द्रविन्दु, शिरविन्दु, पदयोग, पद वियोग जस्ता पक्षमा कमजोर रहेको पाइन्छ ।
- लैङ्गिकताका आधारमा गणितीय तथ्याङ्कलाई आधार मानेर विश्लेषण गर्दा छात्रको अनुच्छेद लेखनको प्रतिशताङ्क ५३.८ र छात्राको ५०.४ रहेको हुँदा तुलनात्मक

रूपमा छात्रहरुभन्दा छात्राहरु कमजोर रहेको पाइन्छ । तसर्थ छात्राभन्दा छात्रहरुको अनुच्छेद लेखन क्षमता राम्रो देखिन्छ ।

- लैङ्गिकताका आधारमा छात्रहरुको विषय वस्तुका दृष्टिले उत्तममा ७४ प्रतिशत, मध्यममा ४ प्रतिशत, सामान्यमा २२ प्रतिशत र निम्नमा शून्य रहेको छ भने छात्रातर्फ उत्तममा ६२ प्रतिशत, मध्यममा ४ प्रतिशत, सामान्यमा ३० प्रतिशत र निम्नमा ४ प्रतिशत रहेको  पाइन्छ । यसका आधारमा छात्राहरुको भन्दा छात्रहरुको अनुच्छेद लेखन क्षमता राम्रो देखिन्छ । शब्दको प्रयोग, विषय वस्तुको प्रस्तुतीकरण, भाषिक शुद्धता जस्ता पक्ष सन्तोषजनक पाइन्छन् ।

- संरचनाका आधारमा छात्र र छात्राको उत्तममा र सामान्यमा समान नतिजा देखिन्छ भने मध्यममा छात्रको ४ प्रतिशत र निम्नमा छात्राको ४ प्रतिशत नतिजा राम्रो पाइन्छ । भाषाशैलीका आधारमा हेर्दा छात्र र छात्राको अनुच्छेद लेखन क्षमता लगभग समान प्रकृतिको रहेको पाइन्छ । अनुच्छेद लेखनका क्रममा आदि, मध्य र अन्त्यको संयोजन मिलाउन नसक्दा नतिजा सामान्य खालको देखिन्छ ।

- भाषाशैलीका आधारमा उत्तममा २ प्रतिशतले छात्रा अगाडि देखिन्छन् भने मध्यममा ४ प्रतिशतले छात्र अगाडि पाइन्छन् । त्यस्तै सामान्य र निम्नतर्फ भने छात्र र छात्राको प्राप्ताङ्क समान पाइन्छ । स्वतन्त्र रूपमा आफ्ना विचारलाई प्रस्तुत गर्ने तरिका, शैली कमजोर भएका कारण नतिजा सामान्य देखिन्छ ।

- वर्ण विन्यासका आधारमा छात्रहरुको उत्तममा १२ प्रतिशत, मध्यममा ८ प्रतिशत, सामान्यमा ५८ प्रतिशत र निम्नमा २२ प्रतिशत रहेको पाइन्छ भने छात्राहरुको उत्तममा ६ प्रतिशत, मध्यममा १२ प्रतिशत, सामान्यमा ५४ प्रतिशत र निम्नमा २८ प्रतिशत रहेको पाइन्छ । अनुच्छेछद लेखनमा विद्यार्थीहरुमा व्याकरणगत कर्ता, कर्म र क्रियाको प्रयोग, ह्रस्व-दीर्घको प्रयोग, पदयोग-पद वियोगको प्रयोग, लिङ्ग, वचन, पुरुष, आदर, काल, भाव आदिको प्रयोग सम्बन्धी समस्याले नतिजा सामान्य खालको रहेको पाइन्छ ।

## ७.३ उपादेयता

भाषाका चार सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन । यी चार सिपमध्ये लेखाइ सिप एउटा महत्त्वपूर्ण सिप हो । विद्यार्थीहरुलाई मौखिक भाषाको अभिव्यक्तिका साथै लिखित भाषाको अभिव्यक्ति प्रति तहगत स्तरीयताको आधारमा सचेत गराउन लेखाइ शिक्षणको आवश्यकता पर्दछ । लेखाइ सिप विकासमा अनुच्छेद लेखनको महत्त्वपूर्ण स्थान रहने गर्दछ । यसले कुनै पनि विषयमा स्वतन्त्र तरिकाले चिन्तन-मनन गर्ने, लेखाइमा शुद्धता र स्तरीयताले ल्याउने कार्यमा सहयोग गर्दछ । यसका साथै व्याकरणात्मक र वर्ण विन्यासीय त्रुटिहरुको निराकरण गर्न र विद्यार्थीहरुमा मौलिक र सिर्जनात्मक क्षमताको विकासमा यसले सहयोग गर्दछ ।

खासगरी विद्यार्थीको मनोविज्ञानलाई ख्याल गरेर पाठ्यक्रम, पाठ्य पुस्तक निर्माण गर्न सहयोग गर्ने छ । भाषाको लिखित संरचनामा प्रयोग गरिने लेख्य चिह्न, वर्ण विन्यास, विषय वस्तु, भाषिक शुद्धता, भाषिक संयोजन तथा प्रस्तुतीलाई सही तरिकाले अगाडि बढाउन थप सहयोग गर्दछ । व्यक्तिका मौलिक सिर्जनात्मक क्षमता, दक्षता, लेखन सिप विकास गर्न अनुच्छेद लेखनले सहयोग गर्दछ । तसर्थ लेखन कलाको विकास गर्न माध्यमका रूपमा पनि अनुच्छेद लेखन क्षमतालाई लिइन्छ । लेखाइ सिप विकासका आधारहरु मध्ये अनुच्छेद लेखन सिप पनि प्रमुख मानिन्छ । अनुच्छेदको उपादेयता अन्तर्गत नीतिगत तह र व्यहारिक तह पनि पर्दछन् ।

### ७.३.१ नीतिगत तह

निश्चित नीति र नियमहरु अनुच्छेद लेखनका नीतिगत तहहरु अन्तर्गत पर्दछन् । निश्चित लक्ष्य वा गन्तव्यमा पुग्नका लागि नियम र परिधिमा रहेर कुनै पनि कार्य गर्न लगाउँदा सफलता प्राप्त हुन्छ भन्ने हो । अनुच्छेद लेखन कार्य एउटा महत्त्वपूर्ण कार्य भएकाले यसलाई सही तरिकाले अगाडि बढाउन शिक्षक तथा सम्बन्धित अभिभावक, व्यक्तिहरुको पनि विशेष जोड दिएर नियमको परिधिमा बाँधिएर गर्दा सफलताको शिखरमा पुग्न सकिन्छ र सहज हुन्छ ।

### ७.३.२ व्यावहारिक तह

विद्यार्थीले सिकेका वा अनुभव गरेका ज्ञानलाई व्यवहारमा उतार्न सक्ने बनाउने व्यावहारिक तह हो । विद्यार्थीहरुमा स्वतन्त्र तथा सहज रूपमा मौलिक ढङ्गबाट संक्षिप्त र

गहन अभिव्यक्ति दिन सक्ने क्षमताको विकास गराउँदछ । विद्यार्थीहरुमा विषय वस्तुको क्रमबद्ध र शृङ्खलाबद्ध प्रस्तुतिगत क्षमताको विकास गराउँदछ । विद्यार्थीहरुका कथ्य विषय वस्तुको विस्तृत व्याख्या र विश्लेषण गर्न सघाउ पुऱ्याउँछ । मौलिक, स्वतन्त्र, सहज र सङ्क्षिप्त रूपमा विचार वा भावलाई प्रस्तुत गर्ने क्षमताको विकास यसले गराउँदछ । लेखाइमा शुद्धता, स्तरीयता, स्पष्टता, र गहनता ल्याई सम्बन्धित भाषिक समस्याको समाधान गरी लेखाइमा परिष्कार र परिमार्जन गर्न सहयोग गर्दछ ।

# सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्ग राज (२०५०), *नेपाली भाषाशिक्षण,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्ग राज (२०६१), *नेपाली भाषा शिक्षण* (छैठौं सं.) काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्ग राज र बद्री विशाल भट्टराई (२०७०), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

अधिकारी, सविता (२०६६), *कक्षा सातमा अध्ययनरत विद्यार्थीको अनुच्छेद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

काफ्ले, अयोध्या (२०६८), *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

ज्ञवाली, राम प्रसाद र भट्टराई रमेश प्रसाद (२०६६), *सबैको नेपाली,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

ढकाल, शान्ति प्रसाद (२०६७), *भाषाशिक्षण परिचय र प्रयोग,* काठमाडौँः शुभकामना प्रकाशन ।

तिम्सिना, धनकुमारी (२०६७), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

थापा, पवित्रा (२०७०), *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पराजुली, कृष्ण प्रसाद (२०६९), *राम्रो रचना मिठो नेपाली,* काठमाडौँ : सहयोगी प्रेस ।

पाण्डे, हिरा (२०७३), *काठमाडौँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पोखरेल, बालकृष्ण (२०४०), (सम्पा.) *नेपाली बृहत् शब्दकोश,* (सा.सं), काठमाडौँ : नेपाल प्रज्ञा पतिष्ठान ।

पौडेल, इन्दिरा (२०७३), *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

बराल, हरिराम (२०६४), *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखनका आधारमा वर्णविन्यास क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६७), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, विष्णु बहादुर (२०७२), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भण्डारी, शकुन्तला (२०६७), *उच्च माध्यमिक तह कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

लामिछाने, यादव प्रकाश (२०६२), *नेपाली भाषा शिक्षण परिचय,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०७०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहन राज, (२०५३), *शब्दरचना, वर्ण विन्यास, वाक्य तत्त्व र पाठहरु,* काठमाडौँ : पाठ्य सामग्री प्रकाशन ।

शर्मा, सावित्री (२०७१), *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

श्रेष्ठ, बलराम (२०६९), *कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।